नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङवेसी, धादिङ

**बागमती प्रदेश,नेपाल**

नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशन

**मिति २०८१ आषाढ १ गते**

## कार्यसूचि तथा ऐजेण्डाहरु

१. आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमका सम्वन्धमा।

२. विनियोजन विद्येयक, २०८१, आर्थिक विद्येयक, २०८१ छलफलका सम्वन्धमा।

३. आ.व.२०८०/०८१ को संशोधित आय व्यय र आ.व. २०८१/०८२ को स्रोत अनुमानका सम्वन्धमा।

४. आ.व. २०८०/०८१ मा सम्पूर्ण कार्यपालिका वैठकका निर्णयहरु अनुमोदन सम्वन्धमा।

५. आ.व. २०७८/०७९ र २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदनका सम्वन्धमा ।

६. न्यायिक समितिको प्रतिवेदनका सम्वनधमा।

७. अन्य विविध निर्णयहरुका सम्वन्धमा।

नीलकण्ठ नगरपालिकाकाको दोश्रो नगरसभाको पाचौं अधिवेशनमा

# नगरप्रमुख भीमप्रसाद ढुंगानाद्धारा प्रस्तुत

आर्थिक बर्ष २०८१/०८२ को

# <u>नीति तथा कार्यक्रम</u>

यस गरीमामय नगरसभामा उपस्थित नगर उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण नगर कार्यपालिकाका पदाधिकारीज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, उपस्थित कर्मचारी मित्रहरु, उपस्थित सञ्चारकर्मी मित्रहरु एवम् सरोकारवाला निकाय तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरु!

नीलकण्ठ नगरपालिकाको दोश्रो नगरसभाको यो पाचौं अधिवेशनमा उपस्थित यहाँहरु सवैमा हार्दिक स्वागत तथा अभिवादन गर्दछु। **<u>"समृद्ध नीलकण्ठ नगरको आधारः कृषि, पर्यटन उद्यमशिलता सहितको पूर्वाधार"</u>** भन्ने नगर विकासको मूल लक्ष्यमा केन्द्रीत रही गरिबी न्यूनिकरण, खाद्य सुरक्षा, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यकताको परिपूर्ति गरी नगर समृद्धिको माध्यमका रुपमा पहिचान गरीएका विषय क्षेत्रमा अधिकतम विकास प्रयास गर्दै आज हामी दोश्रो नगरको पाचौं अधिवेशन सम्म आइपुगेकाछौं।

प्रथम नगरसभाले जारी गरेको १० बर्षे एकीकृत नगर विकास योजनाको विकास मार्गदर्शनलाई आत्मसाथ गर्दै आवधिक योजना, मध्यकालीन खर्च संरचना र बार्षिक नीति तथा योजनाको निरन्तर तर्जूमा हामीले गर्दै आएकाछौं। हाम्रा पूर्ववत् गुरुयोजना, आवधिक योजना, रणनीति र कार्ययोजनाहरुको अध्यावधिक एवम् परिमार्जन गरी समयानुकूल आवश्यकताको सम्बोधन आगमी बर्षमा हामीले गर्नुपर्नेछ। विकास प्राथमिकताको परिमार्जन संगै आगामी बर्षका लागि तय भएका एवम् थप पहिचान भएका विषय क्षेत्रमा प्रभावकारी सम्बोधन गर्न आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम दोश्रो नगरसभाको यो गरीमामय पाचौं अधिवेशनमा पेश गर्दैछु।

नीलकण्ठ नगरपालिकाको दोश्रो नगरसभाको यो पाचौं अधिवेशन सम्म आइपुग्दा हामीले समृद्ध नीलकण्ठ निर्माणका लागि अनबरत प्रयास गरीरहेकाछौं। यस क्रममा हामीलाई साथ दिने सवै जनप्रतिनीधिहरु, कर्मचारी मित्रहरु, संघ तथा प्रदेश सरकार, विभिन्न दातृ निकायहरु, संघ संस्था एवम् नागरीक समाज, सामुदायिक संस्था र आम नगरबासीहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यो

गरीमामय क्षणमा स्वतन्त्रता, संघीयता र लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि शाहदत प्राप्त गर्ने शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। दोश्रो नगरसभा सदस्य निर्वाचित भै सक्रीय रुपमा जनसेवामा समर्पित भइरहनुभएका वडा नं. १० का वडासदस्य एवम् नगरसभा सदस्य खिरेन्द्र तिमल्सेनाको आकस्मीक र अकल्पनीय निधन भएका प्रति गहीरो दुःख प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। नगरपालीकाको समग्र विकासका लागि हामीलाई मार्गदर्शन गर्ने सम्पूर्ण अग्रजहरु, विज्ञ ब्यक्तित्वहरु र विकास साझेदारहरुमा हार्दिक आभार प्रकट गर्दछु। नगरबासीका आवश्यकता र महत्वकांक्षालाई यथोचित सम्बोधन गर्ने सकारात्मक प्रयास निरन्तर गर्दै सीमित साधन श्रोतबाट हामीले उल्लेख्य उपलब्धीहरु प्राप्त गरिरहेकाछौं। नगरपालिकाको बार्षिक बजेट भन्दा धेरै गुणा बजेट विभिन्न दातृ निकाय, नेपाल सरकार र प्रदेश सरकारसंग समेत सहकार्य गर्दै नगर विकासका विभिन्न परियोजना र कार्यक्रमहरुमा हामीले श्रोत परिचालन गर्दै आएकाछौं। हाम्रै कार्यकाल भित्र देशकै नमूना नगरपालिकाको रुपमा नीलकण्ठ नगरपालिकालाई स्थापीत गर्ने प्रतिबद्धता पूनः स्मरण गर्दै आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट हाम्रा सरोकारवालाहरु संगको गहन अध्ययन, छलफल र परामर्शका साथ प्रस्तुत गर्दैछौं। यस अघिका प्रभावकारी नीति र उपलब्धीमूलक बजेट कार्यक्रमको परिणाम स्वरुप नीलकण्ठ नगरपालिका स्थानीय सरकारको स्वमुल्यांकन, विपद् ब्यवस्थापन, सुशासन लगायत समग्र सूचकहरुमा पटक पटक राष्ट्रिय स्तरमा उत्कृष्ठ हुँदै आइरहेको नतिजालाई तपाईंहरुका माझ पूनःसगौरब स्मरण गराउन चाहन्छु।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

अब म नीलकण्ठ नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को लागि नीति तथा कार्यक्रम तपाईहरु समक्ष प्रस्तुत गर्दैछु। हामीले नगरपालिकाको नीति तथा कार्यक्रम नेपालको संविधान २०७२ को भाग ४ धारा ४९, ५० र ५१ अनुसार राज्यले तय गरेको निर्देशक सिद्धान्त, निर्वाचनका बेला हामीले गरेको प्रतिबद्धता, दीगो विकास लक्ष्यका प्राथमिकताहरु, नीलकण्ठ नगरपालिकाको एकीकृत शहरी विकास योजना, भूगोलमा आधारित आवधिक योजना एवम् विभिन्न विषयगत रणनीतिक योजनाहरुका लक्ष्य प्राप्ति गर्ने उद्देश्यका साथ प्रस्तुत गरेकाछौं। यस अघिका नीति कार्यक्रममा समेटिएका विषयहरु चरणबद्ध रुपमा कार्यान्वयन गर्दै थप प्रतिबद्धता र कार्यतालिका अनुसारको कार्य सम्पन्न गर्ने गरी आर्थिक बर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम तय गरेकाछौं। यस अघिका बर्षहरुमा पूर्वाधार विकासलाई विशेष प्राथमिकता दिइएकोमा आगमी बर्षका लागि शिक्षा, स्वास्थ्य, आर्थिक बिकास र नागरिक शसक्तिकरणका विषयलाई विशेष प्राथमिकता दिने नीति तय गरेकाछौं। नगरका सिमान्तकृत, पिछडिएका र विपन्न बर्गको समेत नगर शासनमा सहभागिता र पहूँच बृद्धि गर्न नगरपालिकाले अंगिकर गरेको समावेशी शासनको अवधारणामा हाम्रा नीति, कार्यक्रम र बजेट केन्द्रीत गर्ने गरी सुत्रबद्ध गर्ने

प्रयास गरेकाछौं। हाम्रा सरोकारवाला र नगरबासीहरुको विभिन्न समयमा प्राप्त सुझाव, निःशुल्क शिक्षाका लागि विभिन्न बर्ग समुदायबाट उठेका आवाज र दबाबमूलक कार्यक्रमहरु, समदुरी, समन्याय र समन्वयको सिद्धान्तमा आधारित सेवाप्रवाह आगामी बर्षको नगरनीतिको प्रमूख आधार हुनेछ। नीलकण्ठ नगरपालिकाको १४ वटै वडामा विकासका पूर्वाधार निर्माण गरी जनमैत्री र छरितो स्थानीय सरकार सञ्चालन गर्न हामीले निर्धारण गरेको विषयगत प्राथमिकताका आधारमा नीति तथा कार्यक्रम तपाईंहरु समक्ष प्रस्तुत गर्दैछु।

**नगरसभा सदस्यज्यूहरु,**

१. नेपालको संविधानको भाग ३ मा उल्लेखित मौलिक हक र कर्तब्यहरुको पूर्ण पालनामा प्रतिबद्ध रहँदै धारा ३१ को निःशुल्क र अनिवार्य शिक्षालाई सम्बोधन गर्न नीलकण्ठ नगरपालिकाको अधिकतम् साधन र श्रोत परिचालन परी प्रारम्भीक बाल कक्षा देखि कक्षा १२ सम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क अध्ययन अध्यापनको ब्यवस्था कार्यान्वियन गर्न आवश्यक नीति र बजेट ब्यवस्था गरिनेछ।

२. निःशुल्क शिक्षा घोषणा कार्यान्वयनका लागि आवश्यक पर्ने शिक्षक, कर्मचारी र अतिरिक्त क्रियाकलाप एवम् श्रोतको सम्पूर्ण ब्यवस्थापन नगरपालिकाबाट गरीनेछ। निःशुल्क शिक्षा कार्यान्वियनका लागि सरोकारवालाहरु संगको सहकार्यमा निःशुल्क शिक्षा कोष स्थापना गरिनेछ

३. नगर क्षेत्रका सवै बालबालिकालाई निःशुल्क र अनिवार्य शिक्षा प्रदान गर्न विद्यालयमा शतप्रतिशत भर्नाको सुनिश्चितता हुने गरी आवश्यक आर्थिक, भौतिक सहयोग र उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै विश्व विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीका लागि उच्च शिक्षा छात्रबृत्ति कार्यक्रमलाई निरन्तरता गरिनेछ। नगरक्षेत्रमा सञ्चालित नीजि विद्यालयहरुलाई समेत गुणस्तर र पूर्वाधारयुक्त वातावरणमा पठनपाठन गर्न एवम् तोकिएको कोटा अनुसार छात्रबृत्ति उपलब्ध गराउन समन्वय, सहकार्य र नियमन गरिनेछ। शिक्षक तालिम र विद्यार्थीहरुलाई बालमैत्री अवसरका लागि समान अवसर प्रदान गरिनेछ।

४. नगर केन्द्रमा रहेको एकमात्र क्याम्पस नीलकण्ठ बहुमुखी क्याम्पसलाई साधन श्रोत युक्त बनाउँदै आवश्यक जग्गा खोजि र पूर्वाधार निर्माण कार्यलाई विशेष प्राथमिकता दिइनेछ।

५. धादिङवेशीमा ब्यवस्थित र प्रविधिमैत्री नमूना पुस्तकालय निर्माण तथा ब्यवस्थापन गर्न सामुदायिक सिकाइ केन्द्र र नीलकण्ठ बालमन्दिर माध्यामिक विद्यालय संग समन्वय गरी पुस्तकालय भवन निर्माण गरिनेछ।

६. नगरवासीको आधारभुत र गहन स्वास्थ्य उपचारका लागि नगर केन्द्रमा रहेको जिल्ला अस्पताल संग सहकार्य गरी हरेक वडा केन्द्रमा स्थापित नगर स्वास्थ युनिटहरुमा गुणस्तरीय आधारभूत

स्वास्थ सेवा प्रवाह एवम् टेलिमेडिसिन सेवाका लागि प्रभावकारी सहकार्य शुरुवात गरीनेछ। जिल्ला अस्पतालमा विशेषज्ञ डाक्टर ब्यवस्थापन सहकार्य गरी सम्पूर्ण नगरबासीमा गुणस्तरीय स्वास्थ सेवा पुऱ्याउने तथा जेष्ठ नागरीक र लक्षित, विपन्न बर्गमा विशेषज्ञ स्वास्थ्य सेवा संचालन गरीनेछ। सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा, जेष्ठ नागरीक घरदैलो उपचार सेवा, स्वास्थ बिमा सहजिकरण, विपन्न नागरीक उपचार सहायता र पोषण प्रवर्द्धन कार्यक्रम सहित महिला स्वास्थ स्वयंसेविकाहरुका लागि ५० प्रतिशत, नगरप्रहरी र फोहोरमैला सम्बन्धित कर्मचारी र चालकहरुको निःशुल्क स्वास्थ विमा कार्यक्रम निरन्तर गरिनेछ। रगतको आवश्यकता पर्ने नगरबासीहरुलाई निःशुल्क रगत उपलब्ध गराउने सहायता कार्यक्रमलाई निरन्तर गरिनेछ ।

७. **<u>गरौं योगः बनौं निरोग</u>** को नारालाई सार्थक बनाउन योगअभ्यास तथा योग तालिमलाई हरेक वडा र विद्यालयहरुमा विस्तार गरी नागरीक आरोग्य कार्यक्रम सञ्चालन गरीनेछ। पतञ्जली योग समिति र जिल्ला आयुर्वेद स्वास्थ् केन्द्र संग सहकार्य गर्दै जडिबुटि प्रर्वधन, आयुर्वेद तथा प्राकृतिक चिकित्सा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

८. नगरक्षेत्रमा सञ्चालित नीजि क्षेत्रका अस्पताल तथा क्लिनिकहरुको ब्यवस्थापन र नियमन गर्न नगर स्वास्थ ऐन जारी गरी आवश्यक कार्यविधि र स्वास्थ संस्था सञ्चालन मापदण्ड निर्माण गरीनेछ। नीजि क्षेत्रका स्वास्थ संस्था, अस्पताल, क्लीनिक र औषधी ब्यवसायी संग जनस्वास्थ्य सचेतना कार्यक्रम, स्वास्थ शिविर, सर्वसुलभ स्वास्थ सेवा र दुर्वश्यन विरुद्धका कार्यक्रमहरुमा सहकार्य गर्दै मेडिकलजन्य फोहोर मैला ब्यवस्थापन कार्यलाई समेत सुरक्षित र ब्यवस्थित गरिनेछ।

९. अमेरिकी सरकारको जिटुजी (G 2 G) कार्यक्रम अन्तरगर्त नेपालका ७५३ स्थानीय सरकारहरु मध्ये २ वटा नगरपालिकाले प्राप्त गर्ने प्रत्यक्ष सहयोग नीलकण्ठ नगरपालिकाले प्राप्त गर्ने निश्चित भै आगामी बर्ष देखि बजेट विनियोजन समेत हुने गरी सम्झौता अघि बढिसकेकाले जीटुजी (G 2 G) को जलवायुमैत्री कृषि उद्यमशिलता परियोजना मार्फत नगरको समग्र कृषि विकास, सम्भाब्यता अध्ययन, बजार श्रृंखला अध्ययन तथा कृषि र पशुपालनका लागि जलवायुमैत्री पूर्वाधार निर्माण, कृषकहरुलाई प्रत्यक्ष लाभ हुने गरी क्षमता विकास, प्रविधि र उपकरण सहायता कार्यक्रम सञ्चालन गरीनेछ। रासायनीक मलको विकल्पमा प्रांगारिक मल उत्पादनलाई प्रवर्द्धन गर्दै प्रांगारिक खेती र बालीप्रवर्द्धनमा विशेष सहयोग गरिनेछ।

१०. हेफर इन्टरनेशनलसंगको सहकार्यमा कृषकहरुको ब्यवसायीक क्षमता वृद्धि गर्दै कृषि उपज भण्डारण केन्द्र निर्माण कार्यलाई अघि बढाइनेछ। नगरको पूर्वाधारयुक्त एवम् पर्याप्त जग्गा

रहेको विद्यालयलाई स्तरोन्नती गर्दै नेपाल कृषि अनुसन्धान विश्वविद्यालयको आंगीक संस्थाको रुपमा स्थापना गर्न सम्भाब्यता अध्ययन कार्य अघि बढाइनेछ। यस अघि सञ्चालन हुँदै आएको ९० प्रतिशत छुटमा गरिँदै आएको पशुविमा कार्यक्रम थप प्रभावकारी र सहज रुपमा बिमा भुक्तानी हुने गरी ब्यवस्थापन गरिनेछ।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

११. नगरबासीहरुमा ब्यापक स्वरोजगारीको सृजना गर्न एक वडा एक उत्पादनको नीति अनुसार सवै वडामा माटो परिक्षण, फलफूल तथा तरकारी पकेट क्षेत्र, पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। हरेक वडाको बेग्ला बेग्लै पहिचान स्थापित हुने गरी पकेट क्षेत्र घोषणा गर्न विभिन्न चरणमा छलफल र अध्ययन प्रतिवेदन अनुसार १४ वटै वडामा पहिचानमूलक उत्पादन कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ। उत्पादनमा आधारित अनुदान र बजार सुनिश्चितताका निम्ति आवश्यक ब्यवस्था गरी किसानहरुलाई समर्थन मुल्य प्राप्त गर्ने बातावरण सृजना गरिनेछ। पशुस्वास्थ स्वयंसेवकहरुको क्षमता विकास गरी मोवाइल भेटेनरी सेवालाई थप प्रभावकारी बनाइनेछ।

१२. मेयर उद्यमशीलता विकास कार्यक्रमलाई सघन रुपमा सञ्चालन गरी उत्पादन, सेवा र रोजगार सृजना गर्ने अभियान द्रुत रुपमा अघि बढाउँदै १४ वटै वडाहरुमा ब्यवसाय शुरुवात सहजीकरण, सीप विकास तालिम र ब्यवसाय परामर्श कार्यक्रम सञ्चालन गरिनेछ। उद्यमीहरुलाई सहुलितय ऋण प्रवाह अझै सजिलो र प्रभावकारी रुपमा उपलब्ध गराउँदै ब्यवसाय प्रवर्द्धन र बजारीकरणमा विशेष सहयोग गरिनेछ।

१३. नीलकण्ठ नगरपालिकका सवै ब्यवसायी र करदातालाई करको दायरामा ल्याउन गरिएको प्रयासलाई निरन्तरता दिँदै यस बर्ष देखि कारोबारमा आधारित कर प्रणालीको नमूना शुरुवात गरिनेछ। आउने बर्ष भित्र नगरका सवै घर परिवार, नगरबासी र ब्यवसायीलाई पारिवारिक एवम् ब्यवसायीक फोल्डरमा आधारित तथ्यांक प्रणाली अनुसार अभिलिखित गर्ने कार्य पुरा गरिनेछ। उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स, घरेलु तथा साना उद्योग महासंघ, जिल्ला सहकारी संघ, विभिन्न सहकारी संस्थाहरु, टोल बिकास संस्थाहरु एवम् महासंघ र स्थानीय विद्यालय तथा क्याम्पसहरुसँग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम निरन्तर गरिनेछ।

१४. हाम्रो कार्यकाल भित्र १४ वटै वडाकेन्द्र सम्मका सडक कालोपत्रे गरिसक्ने घोषित प्रतिबद्धता अनुसार थप सडक बृद्धिको निरन्तरता गरिनेछ। नगर यातायात गुरुयोजनाले निर्दिष्ट गरेको

सडक मापदण्ड र भवन निर्माण तथा वस्ती विकास मापदण्ड अनुसार सडक विस्तार तथा स्तरबृद्धिमा जोड दिइनेछ।

१५. धादिङवेशी बृहत खानेपानी योजना सहित विभिन्न वडामा सञ्चालित बृहत खानेपानी योजनाहरुको शिघ्र सम्पन्नताको लागि सहजीकरण गर्दै एक घर एक धाराको नीति अनुसार बाँकी रहेका बस्ती र घरधुरीमा खानेपानी सेवा पुर्‍याइ नीलकण्ठ नगरपालिकालाई तिर्खामूक्त नगरको रुपमा स्थापित गर्ने  पूर्व घोषित नीति अनुसार बाँकी रहेका वडा वस्तीहरुमा खानेपानीसेवा पुर्‍याउन थप योजना सञ्चालन गरीनेछ। खानेपानी सेवाको एकीकृत व्यवस्थापन, मर्मत सम्भार र सेवा शुल्कमा प्रभावकारी प्रणाली स्थापित गर्न नीलकण्ठ नगर खानेपानी तथा सरसफाइ वोर्ड स्थापना तथा गठन गरिनेछ। नगरको बृहत खानेपाली आयोजनाका रुपमा भर्‍याङ भुरुङ मुहान रहेको खानेपानी आयोजनाको सम्भाब्यता अध्यायन गरीनेछ। साथै खानेपानी र सिंचाई प्रयोजनका लागि लिफ्टिङमा प्रयोग हुने विजुली महशुलमा दिइँदै आएको ७० प्रतिशत अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६. नगरपालिकाको दीगो पूर्वाधार, सामाजिक उद्यम र सचेतना परियोजना तथा योजना आयोगको समेत काम गर्ने गरी स्थापना भएको नीलकण्ठ नगर विकास प्राधिकरण मार्फत आगामी बर्ष कम्तिमा एउटा नमुना आबास कार्यक्रम सञ्चालन गरीनेछ भने सरसफाई, खानेपानी ब्यवस्थापन, बजार ब्यवस्थापन र सामाजिक उद्यममा आधारित आयआर्जनका कार्यक्रमहरु गर्न प्राधिकरणलाई आवश्यक सहजीकरण गरिनेछ।

१७. नगरक्षेत्रका बाँदर पिडित किसानहरुका लागि  बैकल्पिक खेती तथा  पशु पंक्षी पालनमा विशेष सहयोग गर्ने विगतको नीतिलाई थप प्रोत्साहित गर्दै आगामी बर्ष बैकल्पिक खेति र पशुपालनका लागि विशेष सहायता कार्यक्रम ल्याइनेछ।

१८. नगरको मुख्य केन्द्रको रुपमा रहेको धादिङवेसी बजारलाई सफा, ब्यवस्थित र हरियाली शहरको रुपमा विकास गर्ने नीति अनुसार बजारका सवै भित्री सडकहरु समेत कालोपत्रे र ढलान कार्य लगभग सम्पन्न भैसकेकाले अव धादिङवेशी बजारको थप सौन्दर्यकरण कार्यक्रम र हिलो धुलोरहित वातावरण सृजना गरी आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम संग जोडी धादिङवेशी बजारको बजारिकरण बृद्धिमा सहयोग गरिनेछ। बजारक्षेत्रको सार्वजनिक जग्गाको खोजी तथा अतिक्रमण न्यूनीकरणका लागि थप प्रभावकारी कार्यक्रम सञ्चालन गर्दै बजारक्षेत्रको करिडोर विस्तारलाई निरन्तर गरीनेछ।

१९. उत्पादनशील जग्गामा हुने घडेरी प्लटिङ तथा विक्रीलाई निरुत्साहित गर्दै नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्रै घडेरी तथा जग्गा विकास व्यवसाय सञ्चालन गर्नु पर्ने नियमलाई

अनिवार्य गर्न निरन्तर नियमन गरिनेछ। बजार र ग्रामीण क्षेत्रमा नमुना सामूहिक आवास कार्यक्रमलाई प्रोत्साहन गर्न सम्भाव्यता अध्ययन गरी जग्गा एकीकरण (Land Pooling) कार्यका लागि उपयुक्त क्षेत्रहरु घोषणा गरिनेछ।

२०. नगर क्षेत्रमा बन्ने घरको निर्माण पूर्व अनिवार्य नक्सापास गर्ने ब्यवस्थाको प्रभावकारी नियमन गरी विद्युतीय नक्सापास प्रणाली आगामी बर्षदेखि लागू गर्न प्रक्रिया अगाडि वढाइनेछ। भवन मापदण्डमा परिमार्जन गरी लामो अवधिका लागि लिजमा लिएर बन्ने संरचनाहरु सम्बन्धित स्वामित्ववालाहरुको सम्झौताको आधारमा नक्सापास गर्ने नीति लिइनेछ। बजार क्षेत्रमा मेट्रिक ठेगानामा आधारित मापन कार्य गरी टोलबस्ती र घर नम्बर टाँस गर्ने कार्य सम्पन्न गरिनेछ। नगरक्षेत्रको जग्गा बर्गीकरणलाई बैज्ञानिक बनाउँदै बर्गिकृत जग्गाहरुको ब्यवस्थित सदुपयोग गर्ने नीति लागू गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

२१. नीलकण्ठ नगर कार्यपालिका कार्यालयको आफ्नै सुविधा सम्पन्न भवनबाट सेवा प्रवाह गर्न बहुबर्षीय ठेक्का लगाई हाल दुरत गतिमा निर्माण कार्य अघि बढिरहेकाले नगरकेन्द्रबाट प्रभावकारी सेवा प्रवाह गर्न जनमैत्री कार्यसम्पादन योजना तयार गरिनेछ।

२२. नगर क्षेत्रमा स्थापित एवम् मुख्य कार्यालय राखि कृयाशिल सवै गैह्र सरकारी संस्थाहरुको दर्ता तथा सूचिकरण गर्न कानून जारी भैसकेकाले अनिवार्य अभिलेख र दर्ता प्रणाली ब्यवस्थित गरी संघसंस्था दर्ता, सूचीकरण तथा नियमन गर्ने कार्य ब्यवस्थित गरिनेछ।

२३. नीलकण्ठ नगरपालिकाको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार आगमी बर्ष भित्र नगरपालिकालाई बातावरणमैत्री नगर घोषणा गर्ने गरी वातावरण क्षेत्रमा योजना र कार्यक्रम सञ्चालन गर्न सम्भाब्य कृयाकलाप र कार्यक्रम अघि बढाइनेछ। स्थानीय वन ऐन जारी गरी हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिने नीति लागू गरिनेछ। नगर क्षेत्रका सामुदायिक, शहरी, कबुलियती तथा सरकारी वनको संरक्षण, जडिबुटी विकास कार्यक्रम तथा भूसंरक्षण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गरिनेछ। डडेलो नियन्त्रण तथा वातावरणमैत्री कार्यक्रमका लागि जिल्लाका सवै स्थानीय सरकार, सामुदायिक वन समूह, कबुलियति वन, डिभिजन वन कार्यालय र विभिन्न संघ संस्था संग आवश्यक सहकार्य गर्ने नीति र निर्णय अनुसार एकीकृत कार्ययोजना अघि बढाइनेछ।

२४. नगर क्षेत्रका सम्पूर्ण सार्वजनिक तथा सरकारी सेवा प्रदायक निकायहरुलाई लैङ्गिक भेदभावमुक्त स्थलका रुपमा घोषणा गरी कुनै पनि खालको विभेदलाई निरुत्साहित गरिनेछ।

संविधानले लक्षित बर्गको रुपमा सम्बोधन गरेका महिला, बालबालिका, जेष्ठ नागरीक, द्वन्द्वपीडित, फरक क्षमता भएका नगरवासी, एकल महिला, आदिवासी, जनजाति, अपांगता, दलित तथा सीमान्तकृत समुदायको अधिकार, सेवा सुविधा, क्षमता विकास र समान अवसरका लागि विशेष प्राथमिकताका साथ क्षमता विकासका योजना तथा कार्यक्रमहरु सञ्चालन गरी नीलकण्ठ नगरपालिकाको मूल शासकीय सोच समावेशी शासनको प्रारुप तयार गरिनेछ।

२५. महिलाहरुको समग्र विकास, रोजगारी, प्रजनन स्वास्थ, समानता र पहूँच स्थापित गर्न नगरपालिकाका निर्वाचित महिला जनप्रतिनीधिहरुको नेतृत्वमा सञ्चालन हुने गरी महिलाका लागि महिला जनप्रतीनिधि परियोजना आगामी बर्ष ब्यवस्थित कार्यविधि र निर्देशिका तयार गरी नगर देखि वडा टोल तह सम्म महिला सञ्जालमार्फत महिला शसक्तिकरण र समान पहूँचका लागि एकीकृत कार्यक्रमका रुपमा थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

२६. दलित बर्गको उत्थान शसक्तिकरण र विकासका लागि निर्मित दलित शसक्तिकरण रणनीतिक योजनाले निर्दिष्ट गरेका क्षेत्रहरुमा आवश्यक बजेट र योजनाका साथ क्रियाकलाप सञ्चालन निरन्तर गरिनेछ। दलित समूदायको समग्र चेतना बृद्धि र जिवनस्तर उकास्ने खालका कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। निःशुल्क शिक्षाका लागि नीलकण्ठ नगरपालिकाको दीर्घकालीन नीति र दलित समुदायले उठाएको आवाजलाई सम्बोधन गर्दै शुरु गरीएको दलित छात्रबृत्ति उच्च शिक्षा अध्ययन गर्ने दलित विद्यार्थीहरुलाई सहज विधिबाट प्राप्त गर्ने गरी निरन्तर गरिनेछ। नगरपालिकाको सहयोगमा निर्माण गरीएको दलित छात्रावास भवनको स्तरोन्नतीमा विशेष सहयोग गरिनेछ।

२७. युवाहरुको सर्वाङ्गिण विकास र शसक्तिकरणका लागि क्षमता विकास, रोजगारी, प्रशासनीक क्षेत्रमा सहभागिता, एवम् सामाजिक सेवामा अभिप्रेरित गर्न युवा संग उपमेयर कार्यक्रम, युवाहरुको माग र आवश्यकतामा आधारित अन्य विविध नबप्रवर्धनात्मक कार्यक्रमहरुको आवश्यकताको पहिचानका गरिनेछ। युवाहरुलाई मेयर उद्यमशिलता कार्यक्रम, सृजनात्मक एवम् आविस्कारजन्य कार्य प्रवर्द्धन गर्ने गरी विविध क्रियाकलाप सञ्चालन गरिनेछ।

२८. आदिवासी-जनजाति, महिला, विपन्न बर्ग, जेष्ठनागरीक, बालबालिका, अपाङ्गता भएका नगरबासी तथा अपाङ्गता सम्बन्धित संघसंस्थाहरुसंग आवश्यक सहकार्य गरी माग र आवश्यकतामा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै आगमी बर्ष देखि पहेंलो कार्ड (ग वर्ग) प्राप्त अपाङ्गता भएका नगरबासीहरुको स्वास्थ्य बिमा गर्दा ६० प्रतिशत योगदान नगरपालिकाबाट गर्ने नीति लिइनेछ।

२९. बैदेशिक रोजगारीलाई विप्रेशणको भरपर्दो माध्यमको रुपमा सम्मान गर्दै बैदेशिक रोजगारीमा जानुपूर्वको सचेतना, बैदेशिक रोजगारीबाट प्राप्त कमाईको सदुपयोग र रोजगारीबाट फर्केपछिको ज्ञान सिपलाई सदुपयोग गर्न आवश्यक कार्यक्रम सुरक्षित आप्रवासन कार्यक्रमलाई क्रमशः नगरपालिकामा आन्तरिकरण गर्दै लाने गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। नीलकण्ठ नगरपालिकाको नेतृत्व र समन्वयमा सञ्चालन भैरहेको सुरक्षित आप्रवासन परियोजना मार्फत अन्तरपालिका सिकाई आदानप्रदान, बैदेशिक रोजगारीका नाममा हुने ठगी, मानसिक तनाब र पारिवारिक समस्याको समाधान गर्न आवश्यक सहजिकरण, मनोपरामर्श र वित्तिय साक्षरताका कार्यक्रम जिल्लाका सबै पालिकाहरु र सरोकारवाला कार्यालय एवम् निकायहरुसंगको सहकार्यमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

३०. नीलकण्ठ नगरपालिकालाई खेलमैत्री नगरका रुपमा स्थापीत गर्न सबै खेलको प्रवर्द्धन र खेलाडीहरुको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिँदै खेलकुदलाई ब्यवसायीकतामा जोडेर राष्ट्रिय खेलाडी उत्पादन गर्ने गरी प्रशिक्षण तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। विभिन्न खेल प्रतियोगिताहरुलाई माग र आवश्यकताको आधारमा सञ्चालन गरिनेछ। विभिन्न खेलविधाका नगरस्तरीय प्रशिक्षकहरुको ब्यवस्थागरी दक्ष खेलाडी उत्पादनमा ध्यान दिइनेछ। धादिङवेसीको खुल्लामञ्च क्षेत्रलाई नमुना हरित खेल मैदानको आगामी आर्थिक बर्ष भित्रमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिइनेछ।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

३१. सूचना प्रविधिको क्षेत्रमा नीलकण्ठ नगरपालिकाको प्रयोग नमूना परियोजना हुने गरी प्रणालीगत विकास गर्न नगरपालिका माताहत सञ्चालन हुने आफ्नै नेटवर्क संरचना र ERP बेस सूचनाप्रविधि प्रणालीको आधार तयार गरिनेछ।

३२. "नगरको सफाई र आकर्षणः फोहोर मैलाको उचित विसर्जन र व्यवस्थापन" भन्ने घोषित नीतिलाई स्थापित गर्न नगर सरसफाई कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गर्दै नगर संरचनामा खानेपानी, सरसफाई तथा स्वच्छता शाखा स्थापना गरिनेछ। सम्पूर्ण सरोकारवालाहरु संग सहकार्य गरी सरसफाई तथा स्वच्छता गुरुयोजना तयार गरी प्रभावकारी रुपमा लागू गरिनेछ। व्यवस्थित ल्याण्डफिल्ड साइट, कुचिकार र सफाई उपकरण तथा फोहोरमैला प्रशोधन प्रविधिमार्फत् नियमित र प्रभावकारी रुपमा नगर सरसफाई अभियान गरिनेछ। नगरमा क्रियाशिल टोल विकास संस्था, नेपाली सेना, शसस्त्र र जनपद प्रहरी एवम् नगरका विभिन्न संघ संस्थाहरु संगको सहकार्य निरन्तर गरिनेछ। श्रोतमै फोहोरको बर्गिकरण

गरी बैज्ञानिक विधिबाट फोहोर मैला ब्यवस्थापन गर्न सचेतना बृद्धि र संरचना निर्माण गरी प्रभावकारी रुपमा फोहोरमैला ब्यवस्थापन कार्य गरिनेछ।

३३. नीलकण्ठ नगरपालिकाको समृद्धिको आधारको रुपमा पहिचान गरिएको पर्यटन क्षेत्रको विकास गर्न नगर पर्यटन गुरुयोजनाले निर्दिष्ट गरेका गन्तब्यहरुको प्रवर्द्धन तथा निर्माण कार्यको निरन्तरता गरिनेछ। आकर्षक गन्तब्यका रुपमा स्थापित भैरहेको भैरवी पर्यटन क्षेत्रको प्रवर्द्धन, चमेरे गुफाको सौन्दर्यीकरण, भंगेरीचुली मन्दीर, सल्लाघारी पार्क, सल्लाघारी बगैंचा, रामकोट दरबार, पौवा दरवार, ज्वालामुखी माईको मन्दिर, ब्रम्मायणी र शंखादेवी मन्दिर तथा बुडिचुली, जोगी गुफा लगायत पर्यटकीय क्षेत्रको प्रचार प्रवर्द्धन गरिनेछ। नगरक्षेत्रभित्र रहेका होम स्टेहरुको स्तरबृद्धि, साइक्लीङ, हाइकिङ, रक-क्लाइम्बीङ जस्ता पर्यटकीय खेलहरुको प्रवर्द्धन गरिनेछ। नगर केन्द्रमा रहेको पशुपति मन्दिरलाई विशिष्ट धार्मिक गन्तब्यका रुपमा प्रवर्द्धन गर्दै हरेक बालाचतुर्दशी मेलालाई नगरस्तरीय सांस्कृतिक पर्वका रुपमा घोषणा गरी सांस्कृतिक पर्यटन प्रवर्द्धन गरीनेछ।

३४. नीलकण्ठ नगर प्रज्ञा प्रतिष्ठान मार्फत ललितकला, साहित्य, ज्ञान, विज्ञान, सृजना र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रम अझै प्रभावकारी रुपमा सञ्चालन गर्न प्रतिभा पहिचान, साहित्य महोत्सव र अन्तरपालिका सांस्कृतिक क्रियाकलापलाई प्रवर्द्धन गर्न अभिप्रेरित गरिनेछ। नगरका विशिष्ट सांस्कृतिक र जातीय पहिचान प्रस्तुत गरीरहेका झिंगु नेवा समाज, मगर संघ, कुमाल समाज, तामाङ संघ, तमुं छौंजधी,ब्राम्मण समाज, क्षेत्री समाज, पञ्चै बाजा समूह, भजन समूह जस्ता सांस्कृतिक समूहहरु संग मौलिक सांस्कृतिक प्रवर्द्धनात्मक कार्यक्रमहरुमा सहयोग र सहकार्य गरिनेछ। साथै विभिन्न जातीय र धार्मिक पर्बहरु, ल्होसार, माघेसक्रान्ति, ख्रिसमस, रमदान, धान्यपुर्णिमा र बुद्ध जयन्ती जस्ता पर्वहरुलाई नगरस्तरीय पर्वको रुपमा सम्मान गर्दै प्रवर्द्धन गरिनेछ। नेवार र तामाङहरुको विशेष बस्ती रहेको नीलकण्ठ नगरपालिकामा प्रदेश सरकारको सांस्कृतिक पहिचान र भाषिक मान्यताको घोषणालाई सम्मान गर्दै नीलकण्ठ नगरपालिकामा समेत क्रमशः आत्मसाथ गरिनेछ।

३५. नीलकण्ठ नगरपालिकालाई वालमैत्री नगर घोषणा गर्ने घोषीत नीति अनुसार बालबालिका ऐन र एकीकृत कार्यविधि तयार भै विभिन्न वडामा बालमैत्री कृयाकलापहरु सञ्चालन भैरहेकाले आगामी आर्थिक बर्षमा नगरलाई बालमैत्री नगर घोषणा गर्ने गरी बालबालिका लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

३६. नगर प्रशासन र नगरबासीहरुमा सूचना, समाचार, कार्यक्रम, लेख रचना सामग्रीमार्फत प्रकाशन प्रसारण गर्न नगरबाट सञ्चालित रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईन संग निरन्तर संवाद र सहकार्य गरी राम्रा विषय फैलाउन र कमजोरिका विषयहरु औंल्याउन पत्रकारहरु संगको निरन्तर अन्तरक्रिया कार्यक्रमलाई अघि बढाइनेछ। हरेक वडाबाट कम्तिमा २ जनालाई पत्रकारिता तालिम दिई स्थानीय पत्रकारिताको गुणस्तर बृद्धि गर्न पत्रकार महासंघ संग सहकार्य गरिनेछ। साथै नेपाल पत्रकार महासंघ संगको सहकार्यमा हरेक बर्ष नीलकण्ठ नगर विकास पत्रकारिता पुरस्कार वितरण गरिनेछ।

३७. नीलकण्ठ नगरपालिकालाई विपद् ब्यवस्थापनमा नमूना नगरको रुपमा स्थापीत गर्न विपद् प्रतिकार्यमा तत्काल राहत तथा पुनर्स्थापना, विपद् ब्यवस्थापन श्रोत केन्द्र, आपतकालीन कार्यसञ्चालन केन्द्र, विपद् स्वयंसेवक, फायर फाइटर र नगरप्रहरीको क्षमता विकास गरी चुस्त दुरुस्त अवस्थामा राख्न आवश्यक समन्वय र परिचालन गरीनेछ। पूर्वाधारका हरेक योजनाबाट ३ प्रतिशत रकम कट्टा गरी पर्यावरण संरक्षण र विपद् जोखिम न्यूनिकरण क्षेत्रमा विपद् ब्यवस्थापन कोष मार्फत खर्च गर्ने नीतिलाई निरन्तर गरिनेछ। विपद् क्षेत्रमा काम गर्ने जिल्ला विपद् ब्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटि, सोसियल भोलिन्टीयर, स्काउट र विद्यालयहरु संग आवश्यक सहकार्य गर्दै विपद् उद्धार तथा प्राथमिक उपचार तालिम सञ्चालन गरिनेछ।

३८. कार्यपालिका सदस्यहरुले नेतृत्व गर्ने विषयगत समितिका अलावा युवा तथा खेलकुद, महिला, आदिवासी जनजाति, दलितवर्ग, किसान, श्रमिक, सहकारी, जस्ता क्षेत्रलाई समेट्न नगरस्तरीय विषयगत समिति गठन गरी सहभागितामूलक, विषयकेन्द्रीत र समन्वयात्मक क्रियाकलाप अघि बढाइनेछ।

३९. नगरका सवै वडाहरुमा गठित टोल विकास संस्थाहरुलाई सवलिकरण गर्दै संस्था र महासंघ संगको सहकार्यमा सडक विद्युत महशुल तथा मर्मतसम्भारमा ५० प्रतिशत साझेदारीलाई निरन्तरता गर्दै वातावरण संरक्षण एवम् सामाजिक सचेतना र टोलस्तरीय विकासका योजना तथा कार्यक्रमहरुमा सहकार्य गरिनेछ।

४०. बिचारमा विविधता विकासमा एकताको सूत्रलाई आत्मसाथ र निरन्तर गर्दै नगर विकासका लागि विभिन्न राजनीतिक दल तथा नागरीक समाज एवम् विषय विज्ञहरले दिएका सुझाब र अघिसारेका राम्रा योजनाहरुलाई प्राथमिकताका साथ नगरविकास कार्यक्रममा समावेश गरिनेछ।

४१. नीलकण्ठ नगरपालिकालाई देशकै नमुना नगरका को रुपमा विकसित गर्ने परिकल्पनालाई कार्यान्वयन गर्न दीर्घकालीन सोचका साथ तय गरिएको गौरबका आयोजना र कार्यक्रमहरु आगामी आर्थिक बर्षमा समेत निरन्तर रुपमा कार्यान्वयन हुनेछन्। यस अघिका बर्षहरुमा घोषणा गरिएका नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै कार्यान्वयन बाँकी भएका सवै नीति तथा  कार्यक्रमहरुको प्रभावकारी कार्यान्यिन प्राथमिकताका साथ हुनेछन्।

**नगरसभा सदस्यज्यूहरु,**

नीलकण्ठ नगरपालिकाको विकासको मूल अवधारणा नगरविकास गुरुयोजना अनुसार हुनेभएकाले हरेक बर्ष घोषित योजनाहरुकै नीरन्तरता हुने भएता पनि थप पहिचान भएका र सहकार्यमा जोडिएका दातृ निकाय तथा साझेदारहरु संगको विकास सहकार्यलाई हरेक बर्ष जोड्दै जाने क्रममा आगामी बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम अझ विशेष भएको हामीले अनुभुत गरेकाछौं। उपलब्ध साधन श्रोतलाई प्रभावकारी सदुपयोग र वितरण गर्न सकेमात्र ठोष परिणाम हासिल गर्न सकिने कुरामा सिंगो नगरपालिका सचेत छ। समावेशी शासनको मूल मर्म अनुसार सवै नगरबासीहरुमा समान पहूँच हुने गरि नगरका अवसर र सेवाहरु विस्तार गर्न सम्पूर्ण जनप्रतिनीधि र कार्यरत कर्मचारीहरु इमान्दार रुपमा कृयाशिल हुनैपर्छ। नगरबासीको निरन्तर दबाब र खबरदारीले मात्र नगर सरकार सहि मार्गमा हिंड्न प्ररित हुने हुनाले सम्पूर्ण जनसमूदायमा सचेत नागरिकको भूमिका निर्बाह गर्न हार्दिक अपील गर्दछौं। नगरपालिकाबाट जारी सवै नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन मार्फत नीलकण्ठ नगरपालिकाको द्रुत विकास भै घोषित लक्ष्य हासिल हुनेमा पूर्ण विश्वस्त हुँदै यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा तपाईं सम्पूर्णको रचनात्मक सहयोगको निरन्तर अपेक्षा राख्दै सम्पूर्ण नगरवासी एवम् सवै सरोकारवालाहरुमा हार्दिक आभार प्रकट गर्दछु। सवै नगरवासीहरुको साथ सहयोगको अपेक्षा गर्दछु।

जय नीलकण्ठ!  जय नेपाल !

**प्रस्तुतकर्ता**

भीमप्रसाद ढुंगाना
नगर प्रमुख एवम् नगर सभाध्यक्ष
नीलकण्ठ नगरपालिका, धादिङ।

इति सम्वत् २०८१ साल आषाढ महिनाको ०१ गते ७ रोज !

**नीलकण्ठ नगरपालिका दोस्रो नगरसभाको पाँचौं अधिवेशनमा उप प्रमुख दिपक विश्वकर्माबाट प्रस्तुत**

**नीलकण्ठ नगरपालिकाको आ. व. २०८१/०८२ को वजेट तथा कार्यक्रम**

मिति २०८१/०३/२७ (विहिवार)

श्री नगर सभाका अध्यक्ष एवम् नगरप्रमुखज्यू ,

नगरसभाका सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृतज्यू एवम् कर्मचारी तथा पत्रकार मित्रहरु !

आज हामीहरु नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको पाँचौं अधिवेशनमा उपस्थित भएका छौं। आजको यस गरिमामय सभामा उपस्थित सवैलाई हार्दिक स्वागत गर्दछु। यस महत्वपुर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनको स्थापनार्थ जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलनका क्रममा जिवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रतिहार्दिक श्रद्धान्जली अर्पण गर्दछु। राजनीतिक परिवर्तनको दौरानमा जनआन्दोलन, जनयुद्ध र लोकतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पूर्ण वेपत्ता योद्धाहरु प्रति स्मरण सहित उच्च सम्मान प्रकट गर्दछु। साथै सम्पुर्ण घाइते योद्धाको शिघ्र स्वास्थ्य लाभ तथा परिवारजन प्रति सम्मान व्यक्त गर्दछु। राष्ट्रियता स्वाधिनता, सामाजिक न्याय, समानता र समताका लागि सक्षम नेतृत्व प्रदान गर्नुहुने मान्य नेतृत्वमा रहनुहुने ब्यक्तित्वहरु प्रति हार्दिक नमन ब्यक्त गर्दछु। मुलुकमा संघीयता कार्यान्वयन संगसंगै हामी निर्वाचित भएको अवधि देखि नगरको विकास र समृद्धिको लागि सिमित स्रोत र साधनलाई प्रयोग गरी अधिकतम सकारात्मक प्रयासहरु गर्दै विभिन्न चुनौतीहरु सामना गर्दै यो अवस्थामा आइपुगेका छौ। यस भन्दा अगाडीका नगरसभाबाट पारित नीति कार्यक्रम तथा बजेटलाइ कार्यान्वयन गर्न सिंगो जनप्रतिनिधि तथा कर्मचारीहरु, पत्रकार, नागरिक समाज तथा नगरबासी सबै सरोकारवाला निकायको उच्च मुल्याङकन गर्दछु। आगामी दिनमा सबै सरोकारवाला निकायको पुर्णरुपमा सहयोगको अपेक्षा गर्दछु।

संविधानमा उल्लेखित राज्यको निर्देशन सिद्वान्त, संघीय आर्थिक नीति, प्रदेश सरकारको नीति, दिगो विकासका लक्ष्य तथा नगरवासीको माग, विषयगत क्षेत्र, विज्ञ तथा सरोकारवाला संस्थाहरुको सुझाव वर्तमान परिस्थितिको मुल्याङ्कन र उपलब्ध सिमित साधन श्रोतको आधारमा यो बजेट तयार पारिएको छ।

जनचाहनालाई संवोधन गर्ने क्रममा  सिमित बजेटबाट असिमित मागहरु सम्बोधन गर्नु अवश्य पनि सहज विषय छैन तथापि नगरपालिकाको वर्तमान आवश्यकता, सामाजिक कल्याण र दीर्घकालिन सोचका साथ भरसक ठूला दिगो विकासमा टेवा पुग्ने र नगरवासीहरुको जीवन स्तरमा सरोकार राख्ने प्रकृतिको योजनाहरु एवम् रोजगारी सृजना गर्न सक्ने योजनाहरुलाई प्राथमिकतामा राखी बजेट निर्माण गर्ने प्रयास गरेको छु।

**सभा अध्यक्षज्यू,**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले निम्न दस्तावेजहरुलाई आधारको रुपमा लिएको छु ।

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन ,२०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन , २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ,२०७४
- संघीय र प्रदेश सरकारले जारी गरेको नीति कानुन र मापदण्डहरु
- स्थानीय तह बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४
- संघीय तथा प्रदेश सरकारका आवधिक विकास योजनाहरु
- नगरपालिकाको नगर गुरुयोजना, आवधिक योजना, मध्यकालिन खर्च संरचना, नीति तथा कार्यक्रम
- वडा कार्यालयहरुबाट प्राथमिकता निर्धारण भै आएका  योजना तथा कार्यक्रमहरु
- संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण सम्बन्धि मार्गदर्शन

आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपन लगायतको क्षेत्रमा रहेको थुप्रै चुनौतीहरु तथा वर्तमान संक्रमणको अवस्था र सो को प्रभावलाई सम्बोधन गर्ने क्रममा प्राप्त मार्गदर्शनहरुलाई संघीय र प्रदेश सरकारका कार्यक्रमसँग समन्वय गरि साझेदार संस्थाहरुसँगको सहकार्यलाई समेत अगाडी बढाउने गरि बजेट तयार गरेको छु।

आजको यस नगरसभामा निम्न विषयवस्तु प्रस्तुत गर्ने अनुमती चाहन्छु:

१) चालु आ.व. को प्रगति प्रतिवेदन

२) चालु आर्थिक वर्षको आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडको अवस्था,

३) चालु आर्थिक वर्षको क्षेत्रगत बजेट तथा खर्चको  अवस्था

४) आर्थिक वर्ष  २०८१/८२  को बजेट तथा कार्यक्रमहरु

**अब म चालु आ.व को हाल सम्मको प्रगति विवरण पेश गर्दछु । चालु आ.व २०८०/८१ को मिति २०८१/०३/०१ गते सम्मको बजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ।**

| बजेट शीर्षक | बजेट रकम रु | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ८२,८२,९२,९२३।४१ (बयासी  करोड बयासी लाख बयानब्बे हजार नौ सय तेइस रुपैया र एकचालिस पैसा  मात्र ) | ५२,९०,९३,५४७।६९ (बाउन्न करोड नब्बे लाख त्रियानब्बे हजार पाँच सय सत्चालिस रुपैया र उनन्सत्तहरी पैसा मात्र) | ६३.८७ प्रतिशत |
| पूजिगत | ४१,२५,००,३००।१४(एकचालिस करोड पच्चिस लाख तिन सयरुपैया र चौध पैसा मात्र) | २१,७५,७६,६५२ (एक्काइस करोड पचहत्तर लाख छहत्तर हजार छ सय बाउन्न रुपैंयाँ मात्र) | ५२.७४ प्रतिशत |
| कुल जम्मा | १,२४,०७,९३,२२३।५५ (एक अरब चौबिस  करोड सात लाख त्रियानब्बे हजार दुइ सय तेइस  रुपैया र पचपन्न पैसा मात्र ) | ७४,६६,७०,१९९।६९ (चौहत्तर करोड छैछट्ठी लाख सत्तरी हजार एक सय उनान्सय रुपैंया र उनान्सत्तरी  पैसा मात्र ) | ६०.१७ प्रतिशत |

**सभाअध्यक्षज्यू, अव म चालु आ.व २०८०/८१ को हाल सम्मको आन्तरिक आय तथा राजश्व बाँडफाँडको प्रगति पेश गर्ने अनुमति चाहन्छु।**

| **विवरण** | **आ.व २०८०/८१ को कुल अनुमानित आय** | **हालसम्मको यथार्थ आम्दानी** | **प्रगति प्रतिशत** |
|---|---|---|---|
| आन्तरिक आय | ६,००,००,००० (छ करोड रुपैंया) | २,९०,८६,१३५।४३ | ४८.४७ प्रतिशत |

| | | | |
|---|---|---|---|
| | | (दुई करोड नब्वे लाख छयासी हजार एक सय पैतिस रुपैया र त्रिचालिस पैसा मात्र) | |
| राजश्व बाँडफाँड संघ | १४,०३,९४,००० (चौध करोड तिन लाख चौराहनब्बे हजार रुपैंया ) | १०,३८,४८,४१५।१० (दश करोड अड्तिस लाख अठ्चालिस हजार चार सय पन्ध्र रुपैंया र दश पैसा ) | ७३.९६ प्रतिशत |
| राजश्व बाँडफाँड प्रदेश | ६,६४,९६,४७८ (छ करोड चौसठ्ठी लाख छयानब्बे हजार चार सय अठहत्तर रुपैंया) | ४,८५,७७,९४६।५० (चार करोड पचासी लाख सतहत्तर हजार नौ सय छयालिस रुपैंया र पचास पैसा) | ७३.०५ प्रतिशत |
| राजश्व बाँडफाँड मालपोत | २,००,००,००० (दुई करोड रुपैंया) | १,६८,०१,००६ (एक करोड अठ्सठ्ठी लाख एक हजार छ रुपैंया मात्र ) | ८४ प्रतिशत |

अब म चालु आ.व को हाल सम्मको क्षेत्रगत बजेट तथा खर्चको प्रगति विवरण पेश गर्दछु।

चालु आ.व २०८०/८१ को मिति २०८०/०२/३२ गते सम्मको क्षेत्रगत बजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १६,०३,७३,०७१/- (सोह्र करोड तिन लाख त्रिहत्तर हजार एकहत्तर रुपैंया मात्र) | ७,९४,०९,४८२।१० (सात करोड चौहनब्बे लाख नौ हजार चार सय बयासी रुपैंया र दश पैसा मात्र ) | ४९.५२ प्रतिशत |
| २ | सामाजिक विकास | ४७,९१,८०,९७८/- | ३०,९९,८७,०२३।९२ | ६४.६९ प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| | | (सठ्चालिस करोड एकानब्बे लाख असि हजार नौ सय अठहत्तर रुपैंया मात्र) | (तिस करोड उनान्सय लाख सतासी हजार तेइस रुपैंया र बयानब्बे पैसा ) | |
| ३ | पूर्वाधार विकास | ३४,९५,९६,३००.१४/-<br>(चौतिस करोड पन्चानब्बे लाख छ्यानब्बे हजार तिन सय रुपैंया र चौध पैसा मात्र) | १९,७५,१४,१२७/-<br>(उन्नाइस करोड पचहत्तर लाख चौध हजार एक सय सत्ताइस रुपैंया मात्र ) | ५६.५ प्रतिशत |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४,७०,५०,०००/-<br>(चार करोड सत्तरी लाख पचास हजार रुपैंया मात्र ) | १,५२,३२,४६७/-<br>(एक करोड बाउन्न लाख बत्तिस हजार चार सय सठ्सठ्ठी रुपैंया मात्र ) | ३२.३८ प्रतिशत |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | २०,४५,९२,८७४।४१<br>(बिस करोड पैतालिस लाख बयानब्बे हजार आठ सय चौहत्तर रुपैया र एकचालिस पैसा मात्र ) | १४,७५,१०,७०५।६७<br>(चौध करोड पचहत्तर लाख दस हजार सात सय पाँच रुपैया र सठ्ठसठ्ठी पैसा मात्र) | ७२.०९ प्रतिशत |
| | **कुल जम्मा** | **१,२४,०७,९३,२२३।५५**<br>**(एक अरब चौबिस करोड सात लाख त्रियानब्बे हजार दुई सय तेइस रुपैंया र पचपन्न पैसा मात्र )** | **७४,९६,५३,८०५।६९**<br>**(चौहत्तर करोड छ्यानब्बे लाख त्रिपन्न हजार आठ सय पाँच रुपैंया र उनन्सत्तरी पैसा मात्र)** | ६०.४१ प्रतिशत |

**सभा अध्यक्षज्यू, नगर सभाका सदस्यहरु, अव आगामी आर्थिक वर्षको स्रोत अनुमान, बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु। आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि आय तर्फ निम्नानुसार श्रोत अनुमान गरेको छु ।**

| अनुदान | बजेट | अक्षरुपी |
|---|---|---|
| संघ समानिकरण अनुदान | २१,४५,००,०००/- | एकाइस करोड पैतालिस लाख रुपैंया मात्र |
| संघ सशर्त अनुदान | ४६,७५,६०,०००/- | छयालिस करोड पचहत्तर लाख साठ्ठी हजार रुपैंया मात्र |
| संघ समपुरक अनुदान | १,४०,००,०००/- | एक करोड लाख चालिस लाख रुपैंया मात्र |
| संघ राजश्व बाँडफाँड | १४,९०,००,०००/- | चौध करोड नब्बे लाख रुपैंया मात्र |
| प्रदेश समानिकरण अनुदान | २,३८,७२,०००/- | दुई करोड अठतीस लाख बहत्तर हजार रुपैंया मात्र |
| प्रदेश सशर्त अनुदान | २,७७,३८,०००/- | दुई करोड सतहत्तर लाख अड्तीस हजार रुपैयाँ मात्र |
| प्रदेश समपुरक अनुदान | ४,००,००,०००/- | चार करोड रुपैयाँ मात्र |
| प्रदेश विशेष अनुदान | ७०,००,०००/- | सत्तरी लाख रुपैयाँ मात्र |
| प्रदेश राजश्व बाँडफाँड | ६,५९,२२,४००/- | छ करोड उनान्साठी लाख बाइस हजार चारसयरुपैंया मात्र |
| आन्तरिक राजश्व | ६,००,००,०००/- | छ करोड रुपैंया मात्र |
| मालपोत | ३,००,००,०००/- | तीन करोड रुपैंया मात्र |
| अ.ल्या. रकम | १०,००,००,०००/- | दस करोड रुपैंया मात्र |
| नगर विकास कोषबाट प्राप्त हुन बाँकी रकम | २,२८,००,०००/- | दुई करोड अठ्ठाईस लाख रुपैंया मात्र |
| **कुल जम्मा** | १,२२,२३,९२,४००/- | **एक अरव बाइस करोड तेइस लाख बयानव्वे हजार चार सय** |

## २०८१।०८२ को खर्च तर्फको अनुमान

| सि.नं | शीर्षक | रकम रु. |
|---|---|---|
| १ | संघ सशर्त अनुदान | ४६,७५,६०,००० |
| २ | प्रदेश सशर्त अनुदान | २,७७,३८,००० |
| ३ | संघ समपुरक अनुदान | १,४०,००,००० |
| ४ | प्रदेश समपुरक अनुदान | ४,००,००,००० |
| ५ | प्रदेश विशेष अनुदान | ७०,००,००० |
| ६ | दायित्व सिर्जना | २,७३,००,००० |
| ७ | साझेदारी कोष | १,५०,००,००० |
| ८ | संघ र प्रदेश समपुरक साझेदारी | ५,४०,००,००० |
| ९ | प्रशासनिक भवन निर्माण | ४,५६,००,००० |
| १० | रामशाह चौतारा | ७०,००,००० |
| ११ | खानेपानी साझेदारी | ४३,९४,४०० |
| १२ | हेफर/एक्सन नेपाल संगको साझेदारी | १,९०,००,००० |
| १३ | नीलकण्ठेश्वर पार्क | ४५,००,००० |
| १४ | नगर करिडोर | ४५,००,००० |
| १५ | नगर चक्रपथ | ४५,००,००० |
| १६ | मेयर उद्यमशीलता | १,६४,००,००० |
| १७ | जी टु जी कार्यक्रमकोलागि साझेदारी | २,६०,००,००० |
| १८ | प्रशासनिक चालु | १६,३५,००,००० |

| | | |
|---|---|---|
| १९ | कृषि | ३०,००,००० |
| २० | भेटेरिनरी स्वयंसेवक | २०,००,००० |
| २१ | आयुर्वेद | ८,००,००० |
| २२ | पशु सेवा | ३०,००,००० |
| २३ | शिक्षा | ९,११,००,००० |
| २४ | स्वास्थ्य | २,७५,००,००० |
| २५ | वातावरण तथा विपद व्यवस्थापन | १८,००,००० |
| २६ | न्यायिक समिति | १४,००,००० |
| २७ | सूचना प्रविधि | १८,००,००० |
| २८ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक | २४,००,००० |
| २९ | सहकारी | ७,००,००० |
| ३० | संस्कृति तथा पर्यटन तर्फ | १०,००,००० |
| ३१ | उद्योग वाणिज्य तर्फ | ८,००,००० |
| ३२ | संचार क्षेत्र प्रवर्द्धन कार्यक्रम | १०,००,००० |
| ३३ | युवा तथा खेलकुद | २०,००,००० |
| ३४ | सडक गमला लिफ्ट सिचाई सडक विद्युत साझेदारी | ४०,००,००० |
| ३५ | संस्थागत विकास तथा सेवा प्रवाह | २४,००,००० |
| ३६ | अन्य सार्वजनिक निर्माण | ८०,००,००० |
| ३७ | वडागत चालु तथा पूजिगत खर्च | ६,३०,००,००० |
| ३८ | फोहोरमैला पर्यावरण कार्यक्रम | ३०,००,००० |
| ३९ | विपद् व्यवस्थापन कोष | ३०,००,००० |

| | | |
|---|---|---|
| ४० | विविध कार्यक्रम | २,५४,००,००० |
| ४१ | विविध सार्वजनिक/सामाजिक कार्यक्रम | ६०,००,००० |
| ४२ | Service for peace संगको साझेदारी | ५०,००,००० |
| ४३ | विविध योजना कार्य | २८,००,००० |
| ४४ | खेलमैदान निर्माण | ८०,००,००० |
| ४५ | खिरेन्द्र स्मृति कृष्ण मन्दिर निर्माण | १०,००,००० |
| ४६ | वडा नं. ६ मा एम्वुलेन्स खरिद | २५,००,००० |
| | **कुल जम्मा रकम** | **१,२२,२३,९२,४००** |

माथि श्रोत अनुमान गरिएको मध्ये प्रदेश सशर्त अनुदान, प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदानको रकम सोही शिर्षकमा चालू आर्थिक वर्षमा विनियोजन भएको रकमलाई आधारमानी श्रोत अनुमान गरिएको छ, प्रदेश सरकारबाट आगामी आर्थिक वर्षको लागि सम्बन्धित शिर्षकमा विनियोजन भै आएबमोजिम थपघट हुनसक्नेछ।

अब म आर्थिक वर्ष २०८१/८२ को कुल बजेट रु १ अरब २२ करोड २३ लाख ९२ हजार ४ सय रुपैंया मात्रको श्रोत अनुमानबाट चालु र पूजिगत शीर्षकमा विनियोजन भएको बजेटको विवरण प्रस्तुत गर्न चाहन्छु। आगामी आ.व २०८१/८२ मा चालु खर्च तर्फ रु ८५,८१,६३,०००/- (पचासि करोड एकासी लाख त्रिसठ्ठी हजार रुपैंया मात्र) तथा पूजिगत खर्च तर्फ रु ३६,४२,२९,४००/- (छत्तिस करोड वयालिस लाख उन्नतिस हजार चार सय रुपैंया मात्र) बजेट विनियोजन गरेको छु ।

अव म क्षेत्रगत रुपमा बजेटको विनियोजन प्रस्तुत गर्दछु ।

**आर्थिक विकास**

**आर्थिक विकास तर्फ क्षेत्रगत विनियोजन तपसिल अनुसार रहेको छ ।**

### कृषि तथा पशु

- माटो र हावापानीसंग मेल खाने कृषि उपज उत्पादनमा जोड दिदैं कृषिलाई निर्वाहमुखिबाट व्यवसायिक वनाउने नीति कार्यान्वयनकालागि बजेट विनियोजन गरेको छु। यस नगरपालिका भित्रका सवै कृषि क्षेत्रको माटो परीक्षण गरी उपयुक्त कृषि वाली सिफारिस गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- माटोको उर्वराशक्ति बढाउन प्राराङ्गिक मल प्रवद्धनकालागि आवश्यक रकम छुट्याएको छु
- हरेक वडामा कम्तिमा एक जना मोवाइल पशु सेवा प्राविधिक (भेटेरिनरी स्वयंसेवक) परिचालन कार्यक्रम निरन्तरताको लागि २० लाख बजेट विनियोजन गरेको छु। नगर कार्यालय तथा परिचालन भएका भेटेरिनरी स्वयंसेवक मार्फत नगरपालिकाबाट तोकिएका पशुपन्छीको औषधि निशुल्क उपलब्ध गराउनको लागि १२ लाख रुपैयाँ विनियोजन गरेको छु।
- विगतका वर्षहरुमा नगरपालिकाबाट पशुबीमा कार्यक्रमका लागि किसानहरुलाई दिदै आएको सहुलियत यस वर्ष पनि निरन्तरता दिएको छु।
- सामुदायिक कुकुर व्यवस्थापनका लागि कुकुर वन्ध्याकरण लगायतका कार्यकालागी आवश्यक रकम विनियोजन गरेको छु।
- अमेरिकी सरकार र नीलकण्ठ नगरपालिका विच जिटुजी मोडलमा सञ्चालन हुने जलवायूमैत्री कृषि विकास कार्यक्रमको लागि नगरपालिकाको तर्फबाट साझेदारीका लागि २ करोड ७० लाख रुपैयाँ विनियोजन गरेको छु। दुवै सरकारको सहयोगमा सञ्चालन हुने उक्त कार्यक्रमबाट नगरपालिकाको समग्र कृषि विकास, सम्भाब्यता अध्ययन, बजार श्रृंखला अध्ययन तथा कृषि र पशुपालनका लागि जलवायुमैत्री पूर्वाधार निर्माण, कृषकहरुलाई प्रत्यक्ष लाभ हुने गरी क्षमता विकास, प्रविधि र उपकरण सहायता जस्ता कार्यक्रममार्फत कृषि विकास तथा पशु पालन क्षेत्रमा उल्लेखनीय कार्य हुनेछ।
- हेफर इन्टरनेशनलसंगको सहकार्यमा कृषकहरुको ब्यवसायीक क्षमता वृद्धि गर्दै कृषि उपज भण्डारण केन्द्र निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिन यस नगरपालिकाको तर्फको साझेदारी रकम रु. १ करोड ९० लाख विनियोजन गरेको छु।

### उद्यम, उद्योग वाणिज्य र सहकारी

- गरिवी निवारणका लागि लघु उद्यम परियोजना (मेड्पा) लगायत उद्यम उद्यमशीलता, नव उद्यमी ब्यवशायीहरुलाई प्रोत्साहनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- मेयर उद्यमशिलता विकास कार्यक्रम मार्फत उत्पादन, सेवा र रोजगार सृजना गरी उद्यमशिलता प्रवर्द्धनका लागि रु. १ करोड ६४ लाख रकम विनियोजन गरेको छु। उक्त रकम उद्यमशिलता प्रवद्धन सगैं कार्यविधि बमोजिम उपलब्ध गराईने व्याजमा अनुदानमा खर्च हुनेछ।
- उद्योग बाणिज्य क्षेत्रको प्रवर्धनात्मक कार्यक्रम संचालन गरिने छ, जसका लागि रु. ८ लाख विनियोजन गरेको छु।
- आर्थिक विकासको एक खम्वाको रुपमा रहेको सहकारीहरुको लागि लेखा व्यवस्थापन तालिम पदाधिकारीको क्षमता विकास तालिमलगायतका कार्यक्रमको लागि यथोचित रकम विनियोजन गरेको छु।

## संस्कृति तथा पर्यटन

- निलकण्ठेश्वर पार्कको निर्माण निरन्तरता, पर्यापर्यटन, धार्मिक सास्कृतिक महत्वका क्षेत्र तथा संरचना निर्माण तथा संरक्षण सम्वर्द्धनका लागि यथोचित प्रवन्ध मिलाईएको छ। आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनका लागि रु. ४५ लाख बजेट विनियोजन गरेको छु।
- नीलकण्ठ नगरपालिकाको भाषा, कला, संस्कृति एवं प्राज्ञिक क्षेत्रको प्रर्वद्धन विकासका लागि स्थापना भएको निलकण्ठ प्रज्ञा प्रतिष्ठान सञ्चालन व्यवस्थापनका लागि रु. १० लाख विनियोजन गरेको छु ।

## सामाजिक विकास

सामाजिक विकासतर्फ क्षेत्रगत विनियोजन तपशील अनुसार रहेको छ।

## शिक्षा

- बाल कक्षा देखि कक्षा १२ सम्को शिक्षा निःशुल्क गर्ने नीति बमोजिम सो कार्यान्वयनको लागि यथोचित रकम विनियोजन गरेको छु। शिक्षा क्षेत्रको समग्र विकासका लागि संघीय सरकारबाट प्राप्त कार्यक्रम प्रदेश सरकारबाट प्राप्त कार्यक्रममा नगरपालिकाबाट थप ९ करोड ११ लाख विनियोजन गरेको छु।
- बाल विकास शिक्षक, विद्यालय कर्मचारी, सामुदायिक सिकाइ केन्द्रका परिचालक तथा विद्यालयका सहयोगीलगायतका कर्मचारीकालागि सङ्घीय सरकारबाट प्राप्त हुने मासिक पारिश्रमिकमा प्रोत्साहन स्वरुप थप रकम उपलब्ध गराउन यथोचित रकम छुट्टाएको छु।

- नगर शिक्षक अनुदानमा कार्यरत शिक्षकहरुको निरन्तरताको लागि ८५ लाख २५ लाख एक सय रुपैयाँ विनियोजन गरेको छ
- निःशुल्क शिक्षा कार्यान्वयन गर्दैगर्दा आवश्यक पर्ने शैक्षिक व्यवस्थापनको लागि विद्यार्थी लागत अनुदानको व्यवस्थापन गर्न २ करोड ५६ लाख ६८ हजार रुपैयाँ विनियोजन गरेको छु।
- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न शिक्षक, अभिभावक तथा विद्यार्थीलाई थप जिम्मेवार बनाउने तथा विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन यथोचित प्रवन्ध गरेको छु। उच्च शिक्षा अध्ययनका लागि लक्षित वर्गको लागि छात्रबृत्ति प्रदान गर्न रु. १० लाख विनियोजन गरेको छु ।
- विषयगत शिक्षक तालिम, विद्यालय कार्यसम्पादन स्तर मूल्याङ्कन, नतिजा विश्लेषण गरी सुधार योजना कार्यान्वयनआदी कार्यक्रम मार्फत शैक्षिक सुधारको लागि २९ लाख रकम विनियोजन गरेको छु।
- सुत्केरी सट्टा शिक्षक व्यवस्थापनको लागि यथोचित रकम विनियोजन गरिनेछ।

**स्वास्थ्य**

स्वास्थ्य तर्फ सशर्त बाहेकका कार्यक्रम सञ्चालनका लागि २ करोड ७५ लाख रुपैयाँ विनियोजन गरेको छु।

- नेपाल सरकारले तोकेबमोजिमका निःशुल्क औषधिहरु साथै यस नगरपालिकाले लक्षित वर्गहरुको लागि प्रदान गर्ने निःशुल्क स्वास्थ्य सेवाको औषधि, औजार उपकरण तथा प्रयोगशाला सामग्रीहरुको खरिदको लागि प्रर्याप्त रकमको ब्यवस्था गरिएको छ ।
- नगरपालिकाका स्वास्थ्यसंस्थाहरुको भौतिक पूर्वाधार मर्मत सम्भार तथा ब्यवस्थापकीय कार्यकालागि रकम ब्यवस्था गर्नुका साथै निरन्तरका सेवाहरुलाई थप प्रभावकारी बनाउन ६ लाख ८० हजार रकम विनियोजन गरेको छु ।
- स्वस्थ मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रमहरुलाइ निरन्तरता दिएको छु।
- स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री बनाइने छ। बैकल्पिक उपचार पद्धतिको विकासको लागि समेत बजेट विनियोजन गरेको छु। नगरबासी जनताको प्रेसर, सुगर, ब्लड ग्रुप छुट्ट्याउने, होलबडी चेक अप जस्ता स्क्रिनिङ कार्यक्रमहरु संचालन गरिने छ। धादिङ अस्पताल, तिलगंगा आँखा उपचार केन्द्रको समन्वयमा सबै वडामा कन्सल्टेन्टसहितको घुम्ति शिविर सञ्चालनको लागि ५ लाख रकम विनियोजन गरेको छु। जेष्ठ नागरिकलाई घरदैलोमै स्वास्थ्य सेवा पुर्याउन मेयरसंग जेष्ठ नागरिका कार्यक्रम संचालनको लागि ६ लाख रुपैयाँ विनियोजन गरेको छु।

- नीलकण्ठ नगरपालिकालाई क्षयरोग मुक्त पालिका बनाउन क्षयरोग मुक्त अभियान कार्यक्रमको निरन्तरताको लागि यथोचित बजेटको प्रवन्ध गरेको छु।
- सुत्केरी महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी भएवापत उपलब्ध गराउने एम्बुलेन्स भाडा उपलब्ध कार्यक्रमलाई निरन्तरता दिएको छु।
- समुदायको स्वास्थ्यको लागि अहोरात्र खटिने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य बिमाको लागि स्वास्थ्य विमाबापत हुने शुल्कमा ५० प्रतिशत रकम नगरपालिकाबाट दिने व्यवस्था मिलाएको छु।
- आयुर्वेद सेवा प्रवद्धनको लागि यथोचित रकम विनियोजन गरेको छु।

**युवा तथा खेलकुद**

- "युवासंग उपप्रमुख" कार्यक्रम मार्फत युवावर्गको शिक्षा, सीप र उद्यमशिलता प्रर्वद्धन गर्ने, नमूना युवा संसद अभ्यास गर्ने, नगर युवा नीति तयार गर्ने लगायत युवा हितका कार्य गर्नको लागि १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु। यसबाट युवाहरुमा सामुदायिक सेवा, सार्वजनिक हित र देशभक्तको भावना सहित अनुशासित एवं नैतिकवान नागरिक बनाउन मद्त पुग्ने लक्ष्य लिएको छ।
- खेलकुद मार्फत खेल प्रतिभा विकास गर्न जिल्ला तथा नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड र मेयर कप खेलकुद र अन्तरपालिका खेलकुद कार्यक्रमको लागि ६० लाख ५० हजार रकम विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाइ**

- लिफ्ट खानेपानी कार्यक्रमका लागि विद्युत महशुलमा ७० प्रतिशत अनुदान, सडक विद्युतको महशुलमा ५० प्रतिशत अनुदान र विपन्न नागरिकको मृत्युसंस्कारमा सहायता कार्यक्रमलाई निरन्तरता दिएको छु। सो कार्यको लागि ४५ लाख रुपैयाँ रकम विनियोजन गरेको छु ।
- फोहोरमैला व्यवस्थापन कार्यलाई व्यवस्थित गराउने, स्रोतमै फोहोरमैला वर्गीकरण गर्ने लगायतका कार्यहरुलाई निरन्तर दिइनेछ। खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यहरुलाई थप व्यवस्थित गरिनेछ। सो कार्यको लागि ३० लाख रुपैयाँ विनियोजन गरेको छु।
- संघ सरकार तथा प्रदेश सरकारहरुबाट प्राप्त बजेट तथा नगरपालिकाको स्रोत तथा दातृ निकाय संगको साझेदारीबाट खानेपानीको व्यवस्थापनको लागि ४५ लाख रकम विनियोजन गरेको छु।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- सामाजिक विभेदको कारण आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग, लिंग ,समुदाय लगायत लक्षित वर्गलाइ मूलप्रवाहीकरण गर्न समतामूलक कार्यक्रमहरु संचालन गरिनेछ। नीलकण्ठ नगरपालिका हाम्रो नगरपालिका भन्ने भावना जगाइ मूलधारमा समावेश गर्नुपर्ने वर्गको उत्थानका लागि नगर तथा वडा तहबाट संचालन हुने गरी कार्यक्रम संचालनका लागि यथोचित विनियोजन गरेको छु।
- "ज्येष्ठ नागरिक सिकाई अनुभव तथा सीप हस्तान्तरण" कार्यक्रम र बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिएको छु।
- महिलाहरुको उद्यमशीलता एवं आयआर्जन, सिप विकास तथा नेतृत्व विकासमा जोड दिइनेछ। यसका लागि सवै वडामा महिलाका लागि महिला जनप्रतिनिधि कार्यक्रम संचालनका लागि १० लाख रुपैयाँ विनयोजन गरेको छु।
- नगरपालिकाको दलितलक्षित रणनीतिक योजना अनुसार दलित समुदायको विकास, उत्थान कार्यक्रमका लागि यथोचित रकमको प्रबन्ध गरेको छु।
- वालमैत्री स्थानीय तह घोषणाको लागि आवश्यक सूचक पुरा गर्ने कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- विद्यालय तहका बालबालिकाको प्रजनन स्वास्थ्य विशेषगरी बालबालिका हरुलाई महिनावारी हुँदा विद्यालय छाड्नुपर्ने जस्ता कारण शैक्षिक रुपमा पछाडी परिरहेको अवस्था निराकरणका लागि आवश्यक बजेट प्रस्तुत गरेको छु बालबालिकालाई विपद् तथा हिंसाबाट जोगाउन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ। जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुका लागि प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ
- "ग" वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरु स्वास्थ्य बिमा गर्दा ६० प्रतिशत अनुदान दिने व्यवस्था मिलाएको छु। अपाङ्गता भएका व्यक्तिहरुको लागि जिविकोपार्जनमा सहयोग हुने कार्यक्रमलाई बजेट छुट्याएको छु।
- आदिवासी जनजाति उत्थान विकास कार्यक्रमको लागि यथोचित रकम विनियोजन गरेको छु।

## पूर्वाधार विकास

- जनताको जिवन स्तरसंग प्रत्यक्ष सम्बन्ध राख्ने तथा विकास निर्माणको आधारशिलाको रुपमा रहेको सडक पूर्वाधारको विकासमा जोड दिदै वडा कार्यालयहरु सम्म कालोपत्रे सडक पुर्याउने प्रमुख लक्ष्य अन्तरगत संघ तथा प्रदेश सरकार एवं अन्य साझेदार निकाय संग समपुरक लागतमा कार्य सम्पन गर्ने गरी रु ५ करोड ४० लाख तथा साझेदारी कोष अन्तरगत रु १ करोड ५० लाख गरी ६ करोड रकम विनियोजन गरेको छु ।
- नगरपालिकाको सौन्दर्य सम्पुर्ण जिल्लाको नै सौन्दर्य रहेको कारण जिल्लाको चिनारी बृद्धि गर्नको लागि सदरमुकाम क्षेत्रको थोपल खोलाको किनारमा करिडोर निर्माण निरन्तरतका लागि रु ४५ लाख रकम विनियोजन गरेको छु ।नगर गौरव योजनामा रहेको नगर चक्रपथ निर्माण स्तरोन्नती तथा सुदृढीकरण कार्यक्रमका लागि क्रमागत योजनाको रुपमा आगामी आ व का लागि रु ४५ लाख विनियोजन गरेको छु।
- नगर कार्यपालिकाको सेवा प्रवाहलाई व्यवस्थित र एकीकृत गर्न प्रशासनिक भवन निर्माण निरन्तरताको लागि रु. ४ करोड ५६ लाख विनियोजन गरेको छु।
- गोरखा नगरपालिकासंगको भगिनी सम्बन्धको चिनारी न्यायको प्रतिक स्वरुप नीलकण्ठ नगरपालिका वडा नं. ७ चिलाउनेवोटेमा रामशाह न्याय चौतारा निर्माणको लागि ७० लाख रुपैयाँ रकम विनियोजन गरेको छु।

## वन, वातावरण तथा विपद व्यवस्थापन

- सर्वसाधारणमा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि गर्न जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिने छ। सामूदायिक वन उपभोक्ता समितिको सहभागीतामा वृक्षारोपण, हरियाली सडक अभियान, वन सम्पदाको संरक्षणात्मक कार्यमा सञ्चालन गरिने छ ।
- वडा स्तरमा रहेका विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइने छ।हरेक वडामा स्थानीय स्वयंसेवी समूह, नेपाल रेडक्रस सोसाइटी, धादिङ सोसियल भोल्युन्टियर लगायतका विभिन्न संघसंस्थाहरुसँग सहकार्यलाइ समन्वयात्मक बनाइनेछ।
- वन्यजन्तुबाट बाली सुरक्षित राख्ने सचेतना तथा वैकल्पिक बालि प्रवद्धन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- वातावरणमैत्री स्थानीय तह घोषणाको लागि सूचक पुरागर्न आवश्यक बजेट विनियोजन गरेको छु।

- पर्यावरण प्रर्वद्धन कार्यक्रमको लागि ३० लाख रुपैयाँ विनियोजन गरेको छु। विपद् व्यवस्थापन कोषमा ३० लाख रुपैयाँ विनियोजन गरेको छु

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

- जनताको प्रत्यक्ष सरोकारसंग सम्वन्ध राख्नेसेवा प्रवाहलाई छिटो छरितो चुस्त दुरुस्त र प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्न आवश्यक विनियोजन गरेको छु । कार्य सम्पादनमा प्रभावकारीता ल्याउन पदाधिकारीहरु, कर्मचारी तथा नगर प्रहरी कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि क्षमता विकास योजना अनुसारका कार्यक्रमहरु संचालन गरिनेछ।
- एकीकृत घुम्ती शिविर कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख विनियोजन गरेको छु।
- टोल विकास संस्थाहरुलाई सवलीकरण गरी टोलको समग्र विकासमा परिचालनका लागि आवश्यक सहयोग तथा समन्वय गर्ने व्यवस्था मिलाएको छु ।
- वडा कार्यालयबाट उठेको राजश्वको १० प्रतिशत रकम सम्बन्धित वडाको सिफारिसमा करदाताको क्षमता विकास तथा सामाजिक कार्यमा खर्च गर्ने व्यवस्था मिलाएको छु । साथै छिटो कार्यसम्पादन गर्ने वडाको लागि रु.१० लाख प्रोत्साहन रकम र राजश्व संकलनको आधारमा १० प्रतिशत रकम सम्बन्धित वडाको कार्यक्रममा खर्च गर्नका लागि रु. २० लाख रकम विनियोजन गरेको छु।
- सञ्चारकर्मीको क्षमता अभिवृद्धि लगायतका प्रवद्धनात्मक कार्यका लागि रु. १० लाख विनियोजन गरेको छु।
- वडास्तरमा विकास निर्माण मर्मत सम्भार तथा कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजन गरेको छु

**न्यायिक समिति**

- प्रत्येक वडामा स्थापना भएका मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गर्दैं न्यायिक समितिवाट प्रदान गरिने सेवामा सवै नगरवासीको सरल र सहज पहुँच सुनिश्चित गर्नको लागि यथोचित रकम विनियोजन गरेको छु। मेलमिलापकर्ता पुनर्ताजगी तालिम, न्यायिक अन्तक्रिया, न्यायिक सेवा प्रवाह अभिमुखिकरण, कानूनी सहयोग, मेलमिलापकर्ता परिचालन आदि कार्यक्रमहरु सञ्चालनको लागि रु. १५ लाख विनियोजन गरिएको छ।

चालू आर्थिक वर्ष ०८०/०८१ मा प्रक्षेपण गरिएको आन्तरिक राजश्व लक्ष्य अनुसार संकलन गर्न सकिएन । चालू आर्थिक वर्षमा कर तिर्न अनिवार्य र स्वस्फुर्त कर तिर्न आउने वातावरण सृजना गर्ने कुरामा विशेष ध्यान दिइने छ। चालू आ.व.मा तोकिएको करका दायरामा आगामी आ.व.को लागि सामान्य फेर वदलको प्रस्ताव गरेको छु। विगतमा कर छुट दिइदै आएका अपाङ्गता र विपदको

सिफारिस तथा सर्ने कडा रोगको स्वास्थ्य उपचार सिफारिसमा दिइएको छुट आगामी वर्षमा पनि निरन्तरता दिईने छ। यसमा एकल महिला र विपन्नताको सिफारिस, योजना तथा कार्यक्रम माग सिफारिस, सामाजिक सूरक्षा भत्तासंग सम्बन्धित सिफारिसमा पनि छुट दिने प्रस्ताव गरेको छु। त्यस्तै कृषि उत्पादनको लागि जग्गा भाडा लिदादिदा लाग्ने बहाल करमा ५० प्रतिशत छुट दिने प्रस्ताव गरेको छु। नगरको सम्रग विकास नगरवासीहरुको प्रयासवाट मात्र सम्भव रहने भएकोले प्रस्तावित कर समयमै असुल हुने अपेक्षा राखेको छ।

**सभा अध्यक्षज्यू, नगर सभा सदस्यज्यूहरु,**

आजको यस गरीमामय नगर सभामा प्रस्तुत गरिएको नीति र्कायक्रम तथा विनियोजित वजेटबाट नीलकण्ठ नगरपालिकाको भौतिक पूर्वाधार आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु।

बजेट तर्जुमाको क्रममा स्रोत उपलब्ध गराउने नेपाल सरकार तथा प्रदेश सरकार, अमुल्य सुझाव दिनु हुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, राष्ट्रसेवक, संघ संस्था, सञ्चार जगत लगायत आम नीलकण्ठ नगरवासी दिदीबहिनी दाजुभाइहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु। बजेट तर्जुमाको क्रममा सबैबाट प्राप्त भएको सहयोग बजेट कार्यान्वियनको क्रममा समेत यथावत रुपमा रहिरहने मेरो अपेक्षा छ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रम र वजेट र सो संग सम्वन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक र सिर्जनात्मक रुपमा छलफल गरी पारित गराई प्रभावकारी कार्यान्वियनमा सबैको सहयोग हुनेछ भन्ने विश्वासका साथ स्वकृतिका लागि नगरसभा सदस्यज्यूहरुमा प्रस्तुत गरेको छु।

**धन्यवाद ! अभिवादन ! जय नीलकण्ठ !**

प्रस्तुतकर्ताः

दिपक विश्वकर्मा,

नगर उपप्रमुख, नीलकण्ठ नगरपालिका, धादिङ                    मितिः २०८१।०३।०२७

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङवेसी, धादिङ

बागमती प्रदेश,नेपाल

## विनियोजन ऐन,२०८१

सभावाट स्वीकृत भएको मिति : २०८१ असार २७ गते

**प्रस्तावना:** नीलकण्ठ नगरपालिका, धादिङको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि संचित कोषवाट रकम खर्च गर्न अधिकार दिन र सो रकम बिनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम नीलकण्ठ नगरपालिका, नगर सभाले यो ऐन वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "नीलकण्ठ नगरपालिका, विनियोजन ऐन- २०८१" रहेको छ।

(२) यो ऐन मिति २०८१ श्रावण १ गतेवाट प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०८०/८१ को निमित्त नगर कार्यपालिका, विषयगत शाखा वडा समिति, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,२२,२३,९२,४००/-(अक्षेरुपी रुपैंया एक अरब वाइस करोड तेईस लाख वयानन्वे हजार चार सय रुपैंया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निम्ति नीलकण्ठ नगरपालिका, नगर कार्यपालिका, विषयगत शाखा वडा समिति, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ। राजश्व तथा अनुदान प्राप्तिको अनुमान, व्ययको प्रक्षेपण, क्षेत्रगत व्ययको प्रक्षेपण तथा स्रोत मिलानको व्यवस्था अनुसूची २ देखी ५ सम्म प्रस्तुत गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका कार्यालय, विषयगत शाखा वडा समिति, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये योजना तथा कार्यक्रम विभिन्न कारणबाट रकमान्तर गर्नुपर्ने वा थप आकस्मिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा वा नगरकार्यपालिका तथा वडास्तरबाट निर्दिष्ट योजना तथा कार्यक्रम नतोकि राखिएको बजेटबाट योजना तथा कार्यक्रमको निर्धारण एवम् अन्तर शीर्षक रकमान्तर तथा शीर्षक परिवर्तन एवम् संशोधन गर्नुपर्ने भएमा नगरप्रमुख स्तरीय निर्णय अनुसार कार्यक्रम सञ्चालन गरी निकासा तथा खर्च जनाउन सकिनेछ। पूर्जिंगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षक बाहेक अन्यत्र सार्न सकिने छैन।तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतसम्म रकमान्तर नगरप्रमुखवाट  र सो भन्दा वढी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची-१

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, धादिङ

कार्यालयको कोड : ८०३३०४०२३००

# आय तथा व्ययको प्रक्षेपण

आ.व. : २०८१/०८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| आय | १,०३,३७,१७,५०३.६३ | १,०९,४५,७६,४७७.६६ | १,०९,९५,९२,४००.०० |
| राजस्व | २१,३२,६४,७०३.६३ | २८,६८,९०,४७७.६६ | ३०,४९,२२,४००.०० |
| आन्तरिक श्रोत | ३,५९,४१,४१६.८० | ६,००,००,०००.०० | ६,००,००,०००.०० |
| ११३१३ सम्पती कर | | ०.०० | ८०,००,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | ८८,७९,८३२.०० | ४०,००,०००.०० | ४०,००,०००.०० |
| ११३१७ वहाल कर | ६२,११,५६४.९९ | ७०,००,०००.०० | ३०,००,०००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १६,०००.०० | २,००,०००.०० | २०,००,०००.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | ५००.०० | ३,००,०००.०० | ०.०० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ६७,०००.०० | १५,००,०००.०० | ९०,००,०००.०० |
| ११६९१ अन्य कर | १,१८,२६,३९३.८८ | १,०५,००,०००.०० | १,६०,००,०००.०० |
| १४२४१ पार्किङ्ग शुल्क | | ०.०० | १०,००,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | २८,१२,६८१.०० | १,००,००,०००.०० | २०,००,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | ६०,४२,४४४.९३ | १,५०,००,०००.०० | ५०,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ६०,९००.०० | १०,००,०००.०० | १५,००,०००.०० |
| १४२४९ अन्य दस्तुर | १७,५००.०० | २०,००,०००.०० | ०.०० |
| १४२६५ अन्य क्षेत्रको आय | | ६०,००,०००.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | | १०,००,०००.०० | २०,००,०००.०० |
| १४६११ व्यवसाय कर | | ०.०० | ५०,००,०००.०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १७,७३,२३,२८६.८३ | २२,६८,९०,४७७.६६ | २४,४९,२२,४००.०० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १,७२,६२,३११.०० | २,००,००,०००.०० | ३,००,००,०००.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १०,३१,३४,७८२.६५ | १४,०३,९४,०००.०० | १०,९३,००,४८३.०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ७०,०१,३४८.७५ | ०.०० | ३,९६,९९,५१७.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ४,९९,२४,८४४.४३ | ६,६४,९६,४७७.६६ | ६,५९,२२,४००.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | | ०.०० | ०.०० |
| अन्य आय | ६,६००.०० | १५,००,०००.०० | १५,००,०००.०० |
| १४५२९ अन्य राजस्व | ६,६००.०० | १५,००,०००.०० | ०.०० |
| १५१११ बेरूजू | | ०.०० | १५,००,०००.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ८२,०४,५२,८००.०० | ८०,७६,८६,०००.०० | ७९,४६,७०,०००.०० |
| संघीय सरकार | ७०,५५,८७,८००.०० | ७०,६४,६९,०००.०० | ६९,६०,६०,०००.०० |
| १३३११ समानिकरण अनुदान | २३,०१,४०,०००.०० | २१,२१,००,०००.०० | २१,४५,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ४५,०८,११,०००.०० | ४५,५७,६९,०००.०० | ४५,९१,४०,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ८२,५०,०००.०० | १,३१,००,०००.०० | ८४,२०,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | २,०५,००,०००.०० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,६३,८६,८००.०० | ५०,००,०००.०० | १,४०,००,०००.०० |
| प्रदेश सरकार | ११,४८,६५,०००.०० | १०,१२,१७,०००.०० | ९,८६,१०,०००.०० |
| १३३११ समानिकरण अनुदान | २,५७,५९,०००.०० | २,४२,१५,०००.०० | २,३८,७२,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ५,१७,३४,०००.०० | ३,२५,०२,०००.०० | १,९५,७८,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | ४५,००,०००.०० | ८१,६०,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ७५,००,०००.०० | | |

| | | | |
|---|---|---|---|
| १३३१५ विषेश अनुदान पुँजीगत | | १,००,००,०००.०० | ७०,००,०००.०० |
| १३३१६ समपुरक अनुदान चालु | २,९८,७२,०००.०० | | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ३,००,००,०००.०० | ४,००,००,०००.०० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| व्यय | १,१६,२२,२४,७२४.४१ | १,२४,०७,९३,२२३.५५ | १,२२,२३,९२,४००.०० |
| चालु | ७१,६२,३६,८८४.४० | ८२,८२,९२,९२३.४१ | ८५,८१,६३,०००.०० |
| २११११ पारिश्रमिक कर्मचारी | ३२,३९,४३,०१६.७८ | २९,९७,६२,६००.३४ | ४७,११,३०,३००.०० |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,१४,०५,३३०.०० | ०.०० | १५,००,०००.०० |
| २११२१ पोशाक | १२,३०,०००.०० | १२,३०,०००.०० | २७,५५,८२२.०० |
| २११२२ खाद्यान्न | ०.०० | १,४५,७४,०००.०० | १,६१,८१,०००.०० |
| २११२३ औषधीउपचार खर्च | ०.०० | ११,८०,०००.०० | ५,००,०००.०० |
| २११३१ स्थानीय भत्ता | ६,१५,९०७.०० | ७,००,०००.०० | १५,००,०००.०० |
| २११३२ महंगी भत्ता | ११,८०,०००.०० | १२,००,०००.०० | १२,००,०००.०० |
| २११३३ फिल्ड भत्ता | ५,०८,२३३.०० | ५,००,०००.०० | १५,००,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | २४,०१,८४०.०० | १५,००,०००.०० | ४०,०७,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २,५०,१६८.०० | २,००,०००.०० | ०.०० |
| २११३९ अन्य भत्ता | ९९,७६,०९३.७९ | ९४,०४,९००.०० | ७०,००,०००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ४५,२४,०००.०० | ६७,३२,०००.०० | ३६,३६,०००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ७१,४००.०० | १,२९,००,०००.०० | १,२५,००,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ४०,००,०००.०० | ४०,००,०००.०० | ४०,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | १५,४५,०५०.५० | १५,८०,०००.०० | १८,३०,०००.०० |
| २२११२ संचार महसुल | १३,२३,०९८.६८ | १५,१०,०००.०० | १६,९५,५००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४३,४४,६७९.२५ | ७२,६०,०००.०० | ३८,८२,०००.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | २४,७४,०९६.०० | ४७,१४,४९९.६६ | ३५,३७,०००.०० |

| | | | |
|---|---|---|---|
| २२२१४ बिमा तथा नवीकरण खर्च | १९,७८,१००.०० | १०,००,०००.०० | १३,१५,०००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १०,४९,५००.०० | ७३,८०,०००.०० | ३८,९७,०००.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १,८९,८६,०८३.०० | ३९,८०,०००.०० | १,३०,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २९,९५,००७.०० | १,२५,९५,०००.०० | १,०४,१६,३६०.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १०,४५,३१५.०० | १३,००,०००.०० | ३,५०,०००.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १९,९०,८४१.०० | २५,२०,०००.०० | २५,२५,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ६६,९१,१३१.०० | ५८,२०,०००.०० | ८७,४७,०००.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १७,१०,८९८.०० | ४९,७८,०००.०० | ४८,००,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | ३१,००,५२१.०० | ९,१८,०६८.०० | १०,००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ४५,७६२.०० | ५५,००,०००.०० | १३,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | २,२७,१६,५७९.४० | २,६०,००,०००.०० | २,७०,००,०००.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | २,९५,०००.०० | ३,००,०००.०० | ०.०० |
| २२४१९ अन्य सेवा शुल्क | ०.०० | १८,८०,९७८.०० | ४,००,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | १७,२४,५८१.०० | ४०,००,०००.०० | ३८,५०,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ०.०० | १३,५०,०००.०० | ०.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ०.०० | १५,००,०००.०० | ०.०० |
| २२५२२ कार्यक्रम खर्च | २२,२०,८१,९६३.०० | १०,७५,१८,१९९.५२ | १७,३६,०३,२००.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | १,४२,२३,८४४.०० | ७२,४०,०००.०० | ७,२४,०००.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | २५,०२,३५०.०० | २८,५०,०००.०० | २६,६५,०००.०० |
| २२६१२ भ्रमण खर्च | २५,६१,३२४.०० | २८,१०,०००.०० | २९,९१,०००.०० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ४,१६,६७५.०० | ०.०० | ७,३२,०००.०० |

| | | | |
|---|---|---|---|
| २२६१९ अन्य भ्रमण खर्च | ५,२२,९७५.०० | २०,०००.०० | ०.०० |
| २२७११ विविध खर्च | ५२,१८,४२७.०० | २,६४,२८,६७७.८९ | १,६६,११,०००.०० |
| २२७२१ सभा सञ्चालन खर्च | १९,६५,५६८.०० | २४,२०,०००.०० | १८,६७,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ०.०० | १०,००,०००.०० | २५,००,०००.०० |
| २६३११ स्थानीय तह निःशर्त चालु अनुदान | ०.०० | ४०,०००.०० | ०.०० |
| २६३२२ स्थानीय तहलाइ सःशर्त पुँजीगत अनुदान | ०.०० | १,०५,००,०००.०० | ०.०० |
| २६३३२ सशर्त अनुदान (चालु) | ०.०० | १९,७०,७६,०००.०० | २,०२,६३,०००.०० |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | ०.०० | ०.०० | १६,००,०००.०० |
| २६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | ०.०० | १५,००,०००.०० | ०.०० |
| २७२११ छात्रवृत्ति | १२,९२,०००.०० | ०.०० | १८,००,०००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १७,००,०००.०० | १५,००,०००.०० | २०,००,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ६७,०२,५९५.०० | २४,२०,०००.०० | ९१,३२,०००.०० |
| २७२१९ अन्य सामाजिक सहायता | ०.०० | ४०,००,०००.०० | ४५,००,०००.०० |
| २८१४१ जग्गाको भाडा | ०.०० | ४०,००,०००.०० | ३०,००,०००.०० |
| २८१४२ घरभाडा | ६,९९,८६४.०० | ९,००,०००.०० | १०,००,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ३,२०,७००.०० | १०,००,०००.०० | १५,९०,०००.०० |
| २८१४९ अन्य भाडा | ९,८९,७६८.०० | ४१,००,०००.०० | १५,००,०००.०० |
| २८२१९ अन्य फिर्ता | २,०९,१६,६००.०० | १०,००,०००.०० | ५९,९९,८१८.०० |
| पूंजीगत | ४४,५९,८७,८४०.०१ | ४१,२५,००,३००.१४ | ३६,४२,२९,४००.०० |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | १,१४,७५,०८९.०० | ६,१६,३०,०००.०० | ५,४३,००,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ७०,०८,९८८.०० | ५,३७,५०,०००.०० | ४७,००,०००.०० |

| | | | |
|---|---|---|---|
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २०,६४,०६५.०० | १७,००,०००.०० | ०.०० |
| ३११२१ सवारी साधन | ०.०० | ०.०० | ३२,५०,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | १,०३,४२,२२१.०० | ६,००,०००.०० | २९,७०,०००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १८,३७,२३७.०० | २५,००,०००.०० | ३८,२५,०००.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ४,००,०००.०० | १०,२०,०००.०० | १,००,०००.०० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ०.०० | १०,००,०००.०० | ०.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ०.०० | १,००,०००.०० | ०.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ३२,६५,२२८.०० | १३,००,०००.०० | ०.०० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ७,२०,९२९.०० | १०,११,८४६.०० | १४,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | २१,११,१७,६४५.०१ | १५,१६,९३,७८५.०० | १५,११,४८,०००.०० |
| ३११५३ विद्युत संरचना निर्माण | ७,८८,४१६.०० | ८,००,०००.०० | ०.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ४८,२६,७६०.०० | ७६,५०,०००.०० | २५,००,०००.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ४,५३,३७,१९३.०० | १,५३,००,०००.०० | १,५७,६९,४००.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | ४,४८,६५४.०० | ०.०० | १,००,०००.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १४,३७,६२,७१६.०० | १०,६४,४४,६६९.१४ | ११,३२,६७,०००.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २५,९२,६९९.०० | ३५,००,०००.०० | ५,००,०००.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ०.०० | १५,००,०००.०० | ४,००,०००.०० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ०.०० | १०,००,०००.०० | ०.०० |
| ३१५११ भैपरी आउने पूँजीगत | ०.०० | ०.०० | १,००,००,०००.०० |
| बजेट बचत (+)/न्यून | (१२,८५,०७,२२०.७८) | (१४,६२,१६,७४५.८९) | (१२,२८,००,०००.००) |
| गत वर्षको नगद मौज्दात | | १४,६२,१६,७४५.८९ | १२,२८,००,०००.०० |

अनुसूची-२

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, धादिङ

कार्यालयको कोड : ८०३३०४०२३००

## राजश्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व. : २०८१/८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| आय | १,०३,३७,१७,५०३.६३ | १,२४,०७,९३,२२३.५५ | १,२२,२३,९२,४००.०० |
| राजस्व | २१,३२,६४,७०३.६३ | ४३,३१,०७,२२३.५५ | ४२,७७,२२,४००.०० |
| आन्तरिक श्रोत | ३,५९,४१,४१६.८० | २०,६२,१६,७४५.८९ | १८,२८,००,०००.०० |
| ११३१३ सम्पती कर | | ०.०० | ८०,००,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | ८८,७९,८३२.०० | ४०,००,०००.०० | ४०,००,०००.०० |
| ११३१७ वहाल कर | ६२,११,५६४.९९ | ७०,००,०००.०० | ३०,००,०००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १६,०००.०० | २,००,०००.०० | २०,००,०००.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | ५००.०० | ३,००,०००.०० | ०.०० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ६७,०००.०० | १५,००,०००.०० | ९०,००,०००.०० |
| ११६९१ अन्य कर | १,१८,२६,३९३.८८ | १,०५,००,०००.०० | १,६०,००,०००.०० |
| १४२४१ पार्किङ्ग शुल्क | | ०.०० | १०,००,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | २८,१२,६८१.०० | १,००,००,०००.०० | २०,००,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | ६०,४२,४४४.९३ | १,५०,००,०००.०० | ५०,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ६०,९००.०० | १०,००,०००.०० | १५,००,०००.०० |
| १४२४९ अन्य दस्तुर | १७,५००.०० | २०,००,०००.०० | ०.०० |
| १४२६५ अन्य क्षेत्रको आय | | ६०,००,०००.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | | १०,००,०००.०० | २०,००,०००.०० |
| १४६११ व्यवसाय कर | | ०.०० | ५०,००,०००.०० |
| ३२१२२ बैंक मौज्दात | | १४,६२,१६,७४५.८९ | १२,२८,००,०००.०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १७,७३,२३,२८६.८३ | २२,६८,९०,४७७.६६ | २४,४९,२२,४००.०० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १,७२,६२,३११.०० | २,००,००,०००.०० | ३,००,००,०००.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १०,३१,३४,७८२.६५ | १४,०३,९४,०००.०० | १०,९३,००,४८३.०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ७०,०१,३४८.७५ | ०.०० | ३,९६,९९,५१७.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ४,९९,२४,८४४.४३ | ६,६४,९६,४७७.६६ | ६,५९,२२,४००.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | | ०.०० | ०.०० |
| अन्य आय | ६,६००.०० | १५,००,०००.०० | १५,००,०००.०० |
| १४५२९ अन्य राजस्व | ६,६००.०० | १५,००,०००.०० | ०.०० |
| १५१११ बेरूजू | | ०.०० | १५,००,०००.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ८२,०४,५२,८००.०० | ८०,७६,८६,०००.०० | ७९,४६,७०,०००.०० |
| संघीय सरकार | ७०,५५,८७,८००.०० | ७०,६४,६९,०००.०० | ६९,६०,६०,०००.०० |
| १३३११ समानिकरण अनुदान | २३,०१,४०,०००.०० | २१,२१,००,०००.०० | २१,४५,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ४५,०८,११,०००.०० | ४५,५७,६९,०००.०० | ४५,९१,४०,०००.०० |
| १३३१३ शसर्त अनुदान पुंजीगत | ८२,५०,०००.०० | १,३१,००,०००.०० | ८४,२०,०००.०० |
| १३३१५ विषेश अनुदान पुंजीगत | | २,०५,००,०००.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,६३,८६,८००.०० | ५०,००,०००.०० | १,४०,००,०००.०० |
| प्रदेश सरकार | ११,४८,६५,०००.०० | १०,१२,१७,०००.०० | ९,८६,१०,०००.०० |
| १३३११ समानिकरण अनुदान | २,५७,५९,०००.०० | २,४२,१५,०००.०० | २,३८,७२,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ५,१७,३४,०००.०० | ३,२५,०२,०००.०० | १,९५,७८,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | ४५,००,०००.०० | ८१,६०,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ७५,००,०००.०० | | |
| १३३१५ विषेश अनुदान पुँजीगत | | १,००,००,०००.०० | ७०,००,०००.०० |
| १३३१६ समपुरक अनुदान चालु | २,९८,७२,०००.०० | | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ३,००,००,०००.०० | ४,००,००,०००.०० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |

अनुसूची-३

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, धादिङ

कार्यालयको कोड : ८०३३०४०२३००

## व्ययको प्रक्षेपण

आ.व. : २०८१/८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार |
| व्यय | १,१६,२२,२४,७२४.४१ | १,२४,०७,९३,२२३.५५ | १,२२,२३,९२,४००.०० | ४२,७७,२२,४००.०० | ६९,६०,६०,०००.०० | ९,८६,१०,०००.०० |
| चालु | ७१,६२,३६,८८४.४० | ८२,८२,९२,९२३.४१ | ८५,८१,६३,०००.०० | ३६,६१,७५,२००.०० | ४७,२४,०९,८००.०० | १,९५,७८,०००.०० |
| २०००० खर्च | ७१,६२,३६,८८४.४० | ८२,८२,९२,९२३.४१ | ८५,८१,६३,०००.०० | ३६,६१,७५,२००.०० | ४७,२४,०९,८००.०० | १,९५,७८,०००.०० |
| पूंजीगत | ४४,५९,८७,८४०.०१ | ४१,२५,००,३००.१४ | ३६,४२,२९,४००.०० | ६,१५,४७,२००.०० | २२,३६,५०,२००.०० | ७,९०,३२,०००.०० |
| ३०००० सम्पत्ती तथा दायित्व | ४४,५९,८७,८४०.०१ | ४१,२५,००,३००.१४ | ३६,४२,२९,४००.०० | ६,१५,४७,२००.०० | २२,३६,५०,२००.०० | ७,९०,३२,०००.०० |

अनुसूची-४

# नीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, धादिङ
## कार्यालयको कोड : ८०३३०४०२३००

## क्षेत्रगत व्ययको अनुमान

आ.व. : २०८१/८२

| क्र.सं. | संकेत | शीर्षक | विनियोजन | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार |
| १ | २ | आर्थिक विकास | ६,४८,९६,०००.०० | ३,९८,३९,८००.०० | १,८९,१०,२००.०० | ६१,४६,०००.०० |
| १ | २०१ | कृषि | ३,१२,४६,०००.०० | १,४८,३९,८००.०० | १,१७,६०,२००.०० | ४६,४६,०००.०० |
| २ | २०२ | उद्योग | १,८४,६०,०००.०० | १,७२,००,०००.०० | १२,६०,०००.०० | ०.०० |
| ३ | २०३ | पर्यटन | ४२,५०,०००.०० | ०.०० | ४२,५०,०००.०० | ०.०० |
| ४ | २०४ | सहकारी | ९,००,०००.०० | ७,००,०००.०० | २,००,०००.०० | ०.०० |
| ५ | २०६ | जलश्रोत तथा सिंचाई | ४४,००,०००.०० | १९,००,०००.०० | १०,००,०००.०० | १५,००,०००.०० |
| ६ | २०८ | पशुपन्छी विकास | ५४,४०,०००.०० | ५०,००,०००.०० | ४,४०,०००.०० | ०.०० |
| ७ | २१० | वाणिज्य | २,००,०००.०० | २,००,०००.०० | ०.०० | ०.०० |
| २ | ७ | सामाजिक विकास | ६३,११,००,४००.०० | १५,३०,८४,६००.०० | ४६,१९,२३,८००.०० | १,६०,९२,०००.०० |
| १ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | ६८,७७,०००.०० | १५,५०,०००.०० | ५३,२७,०००.०० | ०.०० |
| २ | ७०३ | युवा तथा खेलकुद | ७५,८५,०००.०० | ६७,८५,०००.०० | ८,००,०००.०० | ०.०० |
| ३ | ७०४ | खानेपानी तथा सरसफाई | १,९१,६९,४००.०० | ९३,३९,४००.०० | ७१,७०,०००.०० | २६,६०,०००.०० |
| ४ | ७०५ | भाषा तथा संस्कृति | ९२,००,०००.०० | ८३,००,०००.०० | ९,००,०००.०० | ०.०० |
| ५ | ७०६ | शिक्षा | ४९,९७,२०,०००.०० | ९,२१,५०,२००.०० | ४०,०१,८५,८००.०० | ७३,८४,०००.०० |
| ६ | ७०७ | स्वास्थ्य | ८,१४,४५,०००.०० | २,८७,५०,०००.०० | ४,७०,९१,०००.०० | ५६,०४,०००.०० |
| ७ | ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ७१,०४,०००.०० | ६२,१०,०००.०० | ४,५०,०००.०० | ४,४४,०००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ३ | पूर्वाधार विकास | २९,०१,२०,०००.०० | २,८७,२३,०००.०० | १८,५०,२५,०००.०० | ७,६३,७२,०००.०० |
| १ | ३०१ | यातयात पूर्वाधार | २१,२८,७०,०००.०० | १,७७,७३,०००.०० | १४,९५,९७,०००.०० | ४,५५,००,०००.०० |
| २ | ३०२ | भवन, आवास तथा सहरी विकास | ७,२३,७५,०००.०० | ८१,५०,०००.०० | ३,३३,५३,०००.०० | ३,०८,७२,०००.०० |
| ३ | ३०४ | संचार तथा सूचना प्रबिधि | २८,००,०००.०० | २८,००,०००.०० | ०.०० | ०.०० |
| ४ | ३०६ | पुनर्निर्माण | २,७५,०००.०० | ०.०० | २,७५,०००.०० | ०.०० |
| ५ | ३०७ | सम्पदा पूर्वाधार | १८,००,०००.०० | ०.०० | १८,००,०००.०० | ०.०० |
| ४ | ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,१४,००,०००.०० | १,४१,००,०००.०० | ७३,००,०००.०० | ०.०० |
| १ | ४०५ | कानुन तथा न्याय | १४,००,०००.०० | १४,००,०००.०० | ०.०० | ०.०० |
| २ | ४०९ | श्रम तथा रोजगारी | १०,००,०००.०० | १०,००,०००.०० | ०.०० | ०.०० |
| ३ | ४१६ | मानब संशाधन विकास | १०,००,०००.०० | ०.०० | १०,००,०००.०० | ०.०० |
| ४ | ४१७ | विपद व्यवस्थापन | १,८०,००,०००.०० | १,१७,००,०००.०० | ६३,००,०००.०० | ०.०० |
| ५ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०,०८,७६,०००.०० | १९,१९,७५,०००.०० | ८९,०१,०००.०० | ०.०० |
| १ | १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०,०८,७६,०००.०० | १९,१९,७५,०००.०० | ८९,०१,०००.०० | ०.०० |
| कुल जम्मा | | | १,२०,८३,९२,४००.०० | ४२,७७,२२,४००.०० | ६८,२०,६०,०००.०० | ९,८६,१०,०००.०० |

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, धादिंग

अनुसूची-५

# स्रोत मिलान

आ.व. : २०८१/८२

| क्र.सं. | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | विधि | अनुमानित आय | अनुमानित व्यय | फरक |
|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार,नेपाल सरकार ,१३३११-समानिकरण अनुदान, नगद अनुदान | | | | २१,४५,००,०००.०० | २१,४५,००,०००.०० | ० |
| १.१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २१,४५,००,०००.०० | २१,४५,००,०००.०० | ० |
| २ | संघीय सरकार,नेपाल सरकार ,१३३१२-शसर्त अनुदान चालु, नगद अनुदान | | | | ४५,९१,४०,०००.०० | ४५,९१,४०,०००.०० | ० |
| २.१ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | ४१,८१,४०,०००.०० | ४१,८१,४०,०००.०० | ० |
| २.२ | बैदेशिक श्रोत | आई डि ए | वैदेशिक ऋणको प्राप्ति | सोधभर्ना हुने ऋण (बैदेशिक) | ५२,००,०००.०० | ५२,००,०००.०० | ० |
| २.३ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | बैदेशिक अनुदान | सोधभर्ना अनुदान (बैदेशिक) | १,५२,००,०००.०० | १,५२,००,०००.०० | ० |
| २.४ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | वैदेशिक ऋणको प्राप्ति | सोधभर्ना हुने ऋण (बैदेशिक) | २,०३,००,०००.०० | २,०३,००,०००.०० | ० |
| २.५ | बैदेशिक श्रोत | युरोपियन युनियन | बैदेशिक अनुदान | नगद अनुदान (बैदेशिक) | ३,००,०००.०० | ३,००,०००.०० | ० |
| ३ | संघीय सरकार,नेपाल सरकार ,१३३१३-शसर्त अनुदान पुँजीगत, नगद अनुदान | | | | ८४,२०,०००.०० | ८४,२०,०००.०० | ० |
| ३.१ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | २०,०००.०० | २०,०००.०० | ० |
| ३.२ | अन्तरिक श्रोत | आन्तरिक ऋण | आन्तरिक श्रोत | नगद (आन्तरिक ऋण) | ८४,००,०००.०० | ८४,००,०००.०० | ० |
| ४ | संघीय सरकार,नेपाल सरकार ,१३३१७-समपुरक अनुदान पुँजीगत, नगद अनुदान | | | | १,४०,००,०००.०० | १,४०,००,०००.०० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.१ | अन्तरिक श्रोत | आन्तरिक ऋण | आन्तरिक श्रोत | नगद (आन्तरिक ऋण) | १,४०,००,०००.०० | १,४०,००,०००.०० | ० |
| ५ | प्रदेश सरकार,बागमती प्रदेश ,१३३११-समानिकरण अनुदान, नगद अनुदान | | | | २,३८,७२,०००.०० | २,३८,७२,०००.०० | ० |
| ५.१ | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २,३८,७२,०००.०० | २,३८,७२,०००.०० | ० |
| ६ | प्रदेश सरकार,बागमती प्रदेश ,१३३१२-शसर्त अनुदान चालु, नगद अनुदान | | | | १,९५,७८,०००.०० | १,९५,७८,०००.०० | ० |
| ६.१ | प्रदेश सरकार | बागमती प्रदेश | शसर्त अनुदान चालु | नगद अनुदान | १,९५,७८,०००.०० | १,९५,७८,०००.०० | ० |
| ७ | प्रदेश सरकार,बागमती प्रदेश ,१३३१३-शसर्त अनुदान पुँजीगत, नगद अनुदान | | | | ८१,६०,०००.०० | ८१,६०,०००.०० | ० |
| ७.१ | प्रदेश सरकार | बागमती प्रदेश | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ८१,६०,०००.०० | ८१,६०,०००.०० | ० |
| ८ | प्रदेश सरकार,बागमती प्रदेश ,१३३१५-विषेश अनुदान पुँजीगत, नगद अनुदान | | | | ७०,००,०००.०० | ७०,००,०००.०० | ० |
| ८.१ | प्रदेश सरकार | बागमती प्रदेश | विषेश अनुदान पुँजीगत | नगद अनुदान | ७०,००,०००.०० | ७०,००,०००.०० | ० |
| ९ | प्रदेश सरकार,बागमती प्रदेश ,१३३१७-समपुरक अनुदान पुँजीगत, नगद अनुदान | | | | ४,००,००,०००.०० | ४,००,००,०००.०० | ० |
| ९.१ | प्रदेश सरकार | बागमती प्रदेश | समपुरक अनुदान पुँजीगत | नगद अनुदान | ४,००,००,०००.०० | ४,००,००,०००.०० | ० |
| १० | राजस्व बाडफाड,राजस्व बाँडफाँड - प्रदेश सरकार ,१००२०-राजस्व बाँडफाँड, नगद | | | | ६,५९,२२,४००.०० | ६,५९,२२,४००.०० | ० |
| १०.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ६,५९,२२,४००.०० | ६,५९,२२,४००.०० | ० |
| ११ | राजस्व बाडफाड,राजस्व बाँडफाँड — स्थानीय ,१००२०-राजस्व बाँडफाँड, नगद | | | | ३,००,००,०००.०० | ३,००,००,०००.०० | ० |
| ११.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड — स्थानीय | राजस्व बाँडफाँड | नगद | ३,००,००,०००.०० | ३,००,००,०००.०० | ० |
| १२ | राजस्व बाडफाड,राजस्व बाँडफाँड - संघीय सरकार ,१००२०-राजस्व बाँडफाँड, नगद | | | | १४,९०,००,०००.०० | १४,९०,००,०००.०० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १४,९०,००,०००.०० | १४,९०,००,०००.०० | ० |
| १३ | अन्तरिक श्रोत,आन्तरिक श्रोत ,१००१०-आन्तरिक श्रोत, नगद | | | | १८,२८,००,०००.०० | १८,२८,००,०००.०० | ० |
| १३.१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १८,२८,००,०००.०० | १८,२८,००,०००.०० | ० |
| | | | | जम्मा | १,२२,२३,९२,४००.०० | १,२२,२३,९२,४००.०० | ० |

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**धादिङवेसी, धादिङ**

**वागमती प्रदेश, नेपाल**

**दोस्रो नगर सभा पाँचौं अधिवेशनका निर्णयहरुः**

मितिः२०८१ आषाढ १ गते

१. **आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमका सम्वन्धमाः,**

दोस्रो नगर सभाको पाँचौ अधिवेशनमा सभाका अध्यक्ष एवम् नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूले सभामा प्रस्तुत गर्नु भएको यस नगरपालिकाको आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम उपर बुँदागत रुपमा छलफल गरी नगरसभा सदस्यहरुले राखेका सुझावहरु एवम् प्रश्नहरु, जिज्ञासाहरुलाई उचित सम्वोधन गरी परिमार्जन सहित तयार पारिएको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो।

२. **आर्थिक वर्ष २०८१/०८२ को वजेट, योजना तथा कार्यक्रम, विनियोजन विधेयक,२०८१ र आर्थिक विद्येयक,२०८१ का सम्वन्धमाः,**

नगर उप-प्रमुख श्री दिपक विश्वकर्माज्यूले नगर सभामा प्रस्तुत गर्नु भएको आ.व. २०८१/०८२ को वजेट, योजना तथा कार्यक्रम, विनियोजन विधेयक, २०८१ उपर वुदाँगत रुपमा छलफल गरी आगामी नगर सभाको नियमित वैठकमा पेश गर्ने निर्णय गरियो। साथै आर्थिक विधेयक, २०८१ उपर बुँदागत रुपमा छलफल गरी नगरसभा सदस्यहरुले राख्नु भएका सुझावहरु एवम् प्रश्नहरु, जिज्ञासाहरुलाई उचित सम्वोधन गरी उक्त विद्येयक पारित गर्ने निर्णय गरियो।

३. **आ.व.२०८०/०८१ को संशोधित आय, व्यय र आ.व. २०८१/०८२ को स्रोत अनुमानका सम्वन्धमाः,**

नीलकण्ठ नगरपालिकाको आ.व. २०८०/०८१ को संशोधित आय, व्यय विवरण र आ.व. २०८१/०८२ का लागि प्रस्तावित आय तर्फ निम्नानुसारको श्रोत अनुमान स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

क) आ.व. २०८०/०८१ को संशोधित आय व्यय विवरण

चालु आ.व. २०८०/०८१ को मिति २०८१/०३/०१ गते सम्मको वजेट तथा खर्चको यथार्थ विवरणः

| बजेट | | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ८२,८२,९२,९२३।४१ (वयासी करोड वयासी लाख वयानब्वे हजार नौ सय तेहिस रुपैया एकचालिस पैसा मात्र) | ५२,९०,९३,५४७।६९ (वाउन्न करोड नब्बे लाख त्रियानब्वे हजार पाँच सय सत्चालिस रुपैया उन्नसत्तरी पैसा मात्र) | ६३.८७ प्रतिशत |
| पुँजिगत | ४१,२५,००,३००।१४ (एकचालिस करोड पच्चिस लाख तिन सय रुपैया चौध पैसा मात्र) | २१,७५,७६,६५२/- (एक्काइस करोड पचहत्तर लाख छयत्तर हजार छ सय वाउन्न रुपैया मात्र) | ५२.७४ प्रतिशत |
| कुल जम्मा | १,२४,०७,९३,२२३।५५ (एक अरव चौविस करोड सात लाख त्रियानब्बे हजार दुई सय तेहिस रुपैया पचपन्न पैसा) | ७४,६६,७०,१९९।६९ (चौहत्तर करोड छैछठ्ठी लाख सत्तरी हजार एक सय उनान्सय रुपैया उनान्सत्तरी पैसा मात्र) | ६०.१७ प्रतिशत |

**चालु आ.व. २०८०/०८१ को हाल सम्मको आन्तरिक आय तथा राजश्व बाँडफाँडको प्रगति यस प्रकार रहेको छ।**

| विवरण | ०८०/०८१ को कूल अनुमानित आय | हालसम्मको यथार्थ आम्दानी | प्रगति (%) |
|---|---|---|---|
| आन्तरिक आय | ६,००,००,०००/- (छ करोड रुपैंया) | २,९०,८६,१३५।४३ (दुई करोड नब्बे लाख छयासी हजार एक सय पैतिस रुपैया त्रिचालिस पैसा) | ४८.४७ प्रतिशत |

| | | | |
|---|---|---|---|
| राजश्व बाँडफाँड संघ | १४,०३,९४,०००।- (चौध करोड तिन लाख चौराहनब्बे हजार रुपैया) | १०,३८,४८,४१५।१० (दश करोड अड्तिस लाख अठ्चालिस हजार चार सय पन्ध्र रुपैया दश पैसा) | ७३.९६ प्रतिशत |
| राजश्व बाँडफाँड प्रदेश | ६,६४,९६,४७८।- (छ करोड चौसठ्ठी लाख छयानब्बे हजार चार सय अठहत्तर रुपैंया) | ४,८५,७७,९४६।५०।- (चार करोड पचासी लाख सतहत्तर हजार नौ सय छयालिस रुपैंया र पचास पैसा) | ७३०५. प्रतिशत |
| राजश्व बाँडफाँड मालपोत | २,००,००,०००।- (दुई करोड रुपैंया) | १,६८,०१,००६।- (एक करोड अठ्सठ्ठी लाख एक हजार छ रुपैंया मात्र ) | 84 प्रतिशत |

## ख) चालु आ.व. २०८०/०८१ को मिति २०८०/०२/३२ गते सम्मको क्षेत्रगत वजेट तथा खर्चको यथार्थ विवरण:

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १६,०३,७३,०७१।- (सोह्र करोड तिन लाख त्रिहत्तर हजार एकहत्तर रुपैंया मात्र) | ७,९४,०९,४८२।१० (सात करोड चौह्नब्बे लाख नौ हजार चार सय बयासी रुपैंया र दश पैसा मात्र ) | ४९.५२ प्रतिशत |
| २ | सामाजिक विकास | ४७,९१,८०,९७८/- (सठ्चालिस करोड एकानब्बे लाख असि हजार नौ सय अठहत्तर रुपैंया मात्र) | ३०,९९,८७,०२३।९२ (तिस करोड उनान्सय लाख सतासी हजार तेइस रुपैंया र बयानब्बे पैसा) | ६४.६९ प्रतिशत |
| ३ | पूर्वाधार विकास | ३४,९५,९६,३००।१४(चौतिस करोड पन्चानब्बे लाख छयानब्बे हजार तिन सय रुपैंया र चौध पैसा मात्र) | १९,७५,१४,१२७/- (उन्नाइस करोड पचहत्तर लाख चौध हजार एक सय सत्ताइस रुपैंया मात्र) | ५६.५ प्रतिशत |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४,७०,५०,०००/- (चार करोड सत्तरी लाख पचास हजार रुपैंया मात्र) | १,५२,३२,४६७/-(एक करोड बाउन्न लाख बत्तिस हजार चार सय सठ्सठ्ठी रुपैंया मात्र) | ३२.३८ प्रतिशत |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | २०,४५,९२,८७४।४१(बिस करोड पैतालिस लाख बयानब्बे हजार आठ सय चौहत्तर रुपैया र एकचालिस पैसा मात्र) | १४,७५,१०,७०५।६७(चौध करोड पचहत्तर लाख दस हजार सात सय पाँच रुपैया र सठ्सठ्ठी पैसा मात्र) | ७२.०९ प्रतिशत |
| | **कुल जम्मा** | **१,२४,०७,९३,२२३।५५/-** | **७४,९६,५३,८०५।६९/-** | **६०.४१ प्रतिशत** |

| | | | | |
|---|---|---|---|---|
| | | **(एक अरब चौबिस करोड सात लाख त्रियानब्बे हजार दुई सय तेइस रुपैंया र पचपन्न पैसा मात्र)** | **(चौहत्तर करोड छयानब्बे लाख त्रिपन्न हजार आठ सय पाँच रुपैंया र उनन्सत्तरी पैसा मात्र)** | |

## ग) आ.व. २०८१/०८२ का लागि गरिएको स्रोत अनुमानको विवरण

| अनुदान | बजेट | अक्षरुपी |
|---|---|---|
| संघ समानिकरण अनुदान | २१,४५,००,०००।- | एकाइस करोड पैतालिस लाख रुपैंया मात्र |
| संघ सशर्त अनुदान | ४६,७५,६०,०००।- | छयालिस करोड पचहत्तर लाख साठ्ठी हजार रुपैंया मात्र |
| संघ समपुरक अनुदान | १,४०,००,०००।- | एक करोड लाख चालिस लाख रुपैंया मात्र |
| संघ राजश्व बाँडफाँड | १४,९०,००,०००।- | चौध करोड नब्बे लाख रुपैंया मात्र |
| प्रदेश समानिकरण अनुदान | २,३८,७२,०००।- | दुई करोड अठतीस लाख बहत्तर हजार रुपैंया मात्र |
| प्रदेश सशर्त अनुदान | २,७७,३८,०००।- | दुई करोड सतहत्तर लाख अड्तीस हजार रुपैयाँ मात्र |
| प्रदेश समपुरक अनुदान | ४,००,००,०००।- | चार करोड रुपैयाँ मात्र |
| प्रदेश विशेष अनुदान | ७०,००,०००।- | सत्तरी लाख रुपैयाँ मात्र |
| प्रदेश राजश्व बाँडफाँड | ६,५९,२२,४००।- | छ करोड उनान्साठी लाख बाइस हजार चारसयरुपैंया मात्र |
| आन्तरिक राजश्व | ६,००,००,०००।- | छ करोड रुपैंया मात्र |
| मालपोत | ३,००,००,०००।- | तीन करोड रुपैंया मात्र |
| अ.ल्या. रकम | १०,००,००,०००।- | दस करोड रुपैंया मात्र |
| नगर विकास कोषबाट प्राप्त हुन बाँकी रकम | २,२८,००,०००।- | दुई करोड अठ्ठाईस लाख रुपैंया मात्र |
| **कुल जम्मा** | १,२२,२३,९२,४००।- | **एक अरव बाइस करोड तेइस लाख बयानव्वे हजार चार सय** |

४. **क्षेत्रगत बाँडफाँडका सम्वन्धमाः,**

नीलकण्ठ नगरपालिकाको आ.व. २०८१/०८२ को वजेट तथा क्षेत्रगत बाँडफाँड सहित चालु कार्यक्रम तर्फ रु ८५ करोड ८१ लाख ६३ हजार तथा पूंजिगत तर्फ रु ३७ करोड ४२ लाख २९ हजार ४ सय रुपैया गरी कुल जम्मा रु १ अरव २२ करोड २३ लाख ९२ हजार ४ सय रुपैया वजेट पारित गर्ने निर्णय गरियो।

५. **सम्पूर्ण निर्णयहरु अनुमोदनका सम्वन्धमाः,**

नीलकण्ठ नगरपालिकावाट चालु आ.व. २०८०/०८१ को वजेट तथा कार्यक्रम, संशोधित अनुमान अनुसार नगर कार्यपालिकाको कार्यालयवाट सम्पादन भएका कार्यहरु तथा आय-व्यय, नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत स्तरको निर्णयवाट निर्णय भै कार्यसम्पादन गरिएका एवम् नगर कार्यपालिकावाट भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

६. **महालेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन तथा सो सम्वन्धी अन्य व्यवस्थापनका सम्वन्धमाः,**

आ.व. २०७८/२०७९ तथा २०७९/०८० मा लेखा समितिको वैठकवाट नियमित गर्न सिफारिस गरिएको नियमित गर्नुपर्ने वेरुजुलाई नगर कार्यपालिका वैठकवाट स्वीकृत भै पेश भए वमोजिम दोस्रो नगर सभाको पाँचौं अधिवेशनवाट नियमित गर्न एवम् लेखा परिक्षण प्रतिवेदनमा औल्याइएको वेरुजुहरुको फछ्र्यौट तर्फ आवश्यक कारवाही गरी सुझावहरुको कार्यान्वयन गर्न र अन्तिम लेखा परिक्षण प्रतिवेदनले औल्याइएको वेरुजुहरुको सम्वन्धमा प्रमाण कागज र पुष्टयाँइ संलग्न गरी समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालयको डोर समक्ष पेश गर्ने निर्णय गरियो।

७. **न्यायिक समितिको प्रगती समिक्षाका सम्वन्धमाः,**

न्यायिक समितिका संयोजक एवम् उपप्रमुख श्री दिपक विश्वकर्माज्यूवाट प्रस्तुत मिति २०८१ जेष्ठ मसान्तसम्म न्यायिक समितिद्धारा सम्पादित कार्यको प्रतिवेदन उपर छलफल भै उक्त प्रतिवेदन स्वीकृति गर्ने निर्णय गरियो। साथै न्यायिक समितिवाट पेश भएको ४५ जना मेलमिलापकर्ताहरुको अध्यावधिक सूची अनुमोदन गर्ने निर्णय गरियो।

**अन्य विविध निर्णयहरु**

८. **नगरपालिकाको आन्तरिक आयका सम्वन्धमाः,**

यस नगरपालिकाको आन्तरिक आय स्रोतलाई वृद्धि गर्न नगरपालिकाको विभिन्न क्षेत्रमा सञ्चालित व्यवसायहरुलाई दर्ता/नविकरणको दायरामा ल्याउन र घरवहाल कर संकलन अभियानलाई सशक्त रुपमा सञ्चालन गरी राजश्व संकलन वृद्धि गर्न उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श, नागरिक समाज, टोल विकास महासंघ एवम् सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र परामर्श गर्ने निर्णय गरियो।

९. **सवै भन्दा छिटो कार्यसम्पादन गर्ने वडालाई प्रोत्सहान रकम उपलब्ध गराउने सम्वन्धमाः,**

आ.व. २०८०/०८१ मा कार्यान्वयन हुने गरी विनियोजित वडागत वजेट सिलिङ अनुसार सवै भन्दा छिटो योजना तथा कार्यक्रम सम्पन्न गर्ने वडालाई रु १०,००,०००।- (अक्षेरुपी दश लाख) पुरस्कार प्रदान गर्ने गरी दोस्रो नगरसभाले गरेको व्यवस्था अनुसार १४ वटै वडा मध्ये स्वीकृत वडागत योजना तथा कार्यक्रमहरु सवै भन्दा छिटो सम्पन्न गर्ने वडा नं. ११ लाई आगामी आ.व. २०८१/०८२ मा पूर्वाधार शीर्षकमा खर्च गर्ने गरी रु १०,००,०००।- (अक्षेरुपी दश लाख) थप रकम उपलब्ध गराउने निर्णय गरियो।

१०. <u>नगरपालिकावाट संकलन/असुल गर्नुपर्ने राजश्व संकलनमा वडागत रुपमा उठेको कुल राजश्वको १० प्रतिशत राजश्व सम्वन्धित वडाहरुलाई उपलव्ध गराउने सम्वन्धमाः,</u>

यस नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनवाट निर्णय भए वमोजिम आ.व. २०८०/०८१ मा नगरपालिकावाट संकलन/असुल गर्नु पर्ने राजश्व संकलनमा वडागत रुपमा उठेको कुल राजश्वको १० प्रतिशतले हुन आउने रकममध्ये ५० प्रतिशत पूर्वाधार शीर्षकमा र ५० प्रतिशत राजश्व अभिवृद्धि गर्ने गरी चालु प्रकृतिमा खर्च गर्ने गरी वडाहरुलाई आ.व. २०८१/०८२ को वजेटमा उपलब्ध गराउने निर्णय गरियो।

११. <u>ल्याडफिल्ड साइट व्यवस्थापन सम्वन्धमाः,</u>

नगरपालिकाको वर्तमान अवस्थामा रहेको ल्याडफिल्ड साइटको तत्काल विकल्प आवश्यक भएको र सो का लागि नगरपालिकाको क्षेत्रभित्रका विभिन्न स्थानहरुको अध्यायन अवलोकन पश्चात वडा नं.८ स्थित ससाह ज्यामिरे सामुदायिक वन क्षेत्रको ढोलामण्डली मोड तर्फको तल्लो क्षेत्र करिव १०० (एक सय) रोपनी जमिन उपयुक्त र आवश्यक देखिएको हुदाँ उक्त जमिन नगरपालिकाको नाममा प्राप्तिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो। साथै सो जमिनमा तत्काल फोहोरमैला व्यवस्थापनको कार्य गर्नुपर्ने भएकोले चालु आ.व.मै निर्माण कार्य अगाडि वढाउने निर्णय गरियो।

१२. <u>नगरपालिकाको राजश्वको क्षेत्राधिकार/दायरा विस्तार गर्ने सम्वन्धमाः,</u>

यस नगरपालिकाको क्षेत्राधिकार भित्र राजश्वको दायरा विस्तार गर्ने, राजश्वका दरहरूमा संशोधन गर्ने, राजश्वको नयाँ क्षेत्र पहिचान गर्ने लगायत राजश्व परामर्श समितिको सिफारिसमा राजश्व सम्वन्धी सम्पूर्ण कार्य व्यवस्थित गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो।

१३. **सुत्रमा आधारित अनलाइन राजश्व लागू गर्ने सम्वन्धमाः,**

यस नगरपालिकावाट लिईदै आएको राजश्वहरु मिति २०८१ साल भित्र सुत्रमा आधारित अनलाईन माध्यमको प्रयोग गरी वडा/घर/वस्तिहरुवाटै राजश्व संकलन गर्ने गरी आवश्यक तयारी गर्ने र त्यसलाई थप व्यवस्थित वनाई नागरिकहरुलाई सहज र सुलभ तवरवाट सेवा सुविधा उपलब्ध गराउने व्यवस्था  नगर कार्यपालिकाको कार्यालयले मिलाउने निर्णय गरियो।

१४. **भगिनि सम्वन्धका सम्वन्धमाः,**

विश्वका समृद्ध राष्ट्र एवम् छिमेकी मित्र राष्ट्रहरुका स्थानीय सरकार (महानगर/उपमहानगर/ नगरहरु) सँग भगिनी सम्वन्ध स्थापना गरी सहयोग आदान प्रदान गर्ने कार्यलाई प्राथमिकता दिदै यसका लागि आवश्यक समन्वय र पहलका लागि सम्वन्धित निकायहरुसँग आवश्यक व्यवस्था मिलाउने अख्तियारी  नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

१५. **क्रमागत योजनाको भुक्तानीका सम्वन्धमाः,**

स्थानीय तहको आम्दानी र खर्च सम्वन्धी लेखा SUTRA मार्फत व्यवस्था गरिएको एवम् सोही अनुसार नै खर्च भुक्तानी गर्ने गरिएको र चालु आर्थिक बर्षका लागि उक्त भुक्तानीको अन्तिम मिति २०८१ साल आषाढ २४ गते सम्ममात्र तोकिएको छ। तर विगत बर्षको अवस्था हेर्दा उक्त अन्तिम समयतिर नै भुक्तानीका लागि अत्याधिक चाप पर्ने र सो समयमा SUTRA मा पनि समस्या आई स्वीकृत वीलभरपाइहरुको भुक्तानी हुन नसक्ने स्थिति समेत आइपर्ने अवस्थालाई मध्यनजर गर्दा चालु आ.व. मा पनि अझै सम्म अधिकांश कार्यहरु/योजनाहरु कार्यान्वयनकै चरणमा रहेको हुदाँ एकातिर यस बर्ष पनि त्यस्तो अवस्था नआउला भन्न सकिने अवस्था छैन भने अर्कोतिर सम्पन्न भएको कार्यहरुको भुक्तानीको दायित्ववाट कार्यालय उम्कन पाउने अवस्था पनि छैन । त्यसैले चालु आ.व. मा कार्यसम्पन्न भई सम्पूर्ण प्रक्रिया पुरा भई अन्तिम भुक्तानीका लागि लेखामा पेश

भइसकेका तर गोश्वारा भौचर उठान हुन नसकि चेक तयार हुन नसकेका योजना कार्यक्रम तथा वीलभरपाइहरु वाँकी रहन गएमा त्यस्ता योजना, कार्यक्रम तथा वीलभरपाइहरुको लगत राखी अनिवार्य दायित्व भुक्तानी शीर्षकमा नगरसभावाट विनियोजित रकमवाट खर्च लेखी भुक्तानी दिने गरी प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

<u>**तपसिल**</u>

| सि.नं | बजेट शीर्षक | बजेट रकम |
|---|---|---|
| १ | उद्योग वाणिज्य संघ | २००००० |
| २ | लक्षित तर्फको कार्यक्रम वडा नं. ५ | १५०००० |
| ३ | धादिङ फुटवल क्लव | ८५००० |
| ४ | १२ नं. स्थीत प्रहरी विटमा वत्ति राख्ने कार्य | २५००० |
| ५ | सुनौला वजार नवलपुर सडकको ध्वारे डाँडामा ग्याविन भर्न रदिकुरे डाँडा सडक निर्माण कार्य | ७५००० |
| ६ | वडा नं.४ स-साना मर्मत योजना | १३०००० |
| ७ | नेपाल रेडक्रस सोसाइटि अनुदान रकम | १००००० |
| ८ | वडा नं.९ भित्रको खानेपानी तथा सडक निर्माण | २२३००० |
| ९ | मान्के पम्प खानेपानी र सिस्नेरी कुशुण्डे खानेपानी मर्मत तथा पाइप खरिद | ५००००० |
| १० | वडा नं.८ कृषि प्रवर्द्धन कार्यक्रम | २००००० |
| ११ | एन एस मिडिया | २०००० |
| १२ | कालिका आ.वि. कम्प्यूटर प्रिन्ट खरिद | ५०००० |
| १३ | जलदेवि आ.वि. कम्प्यूटर प्रिन्ट खरिद | ५०००० |
| १४ | अन्पूर्ण आ.वि. कम्प्यूटर प्रिन्ट खरिद | ५०००० |
| १५ | विभिन्न पत्र पत्रिकाको भुक्तानी | ५०००० |
| १६ | नीलकण्ठ वहुमुखी क्याम्पस अनुदान | १५००००० |
| १७ | लुम्वा खेत सिंचाइ | १५००००० |
| १८ | हस्पिटलको डिपवोरिङ्ग | ४५००० |
| १९ | सट्टा चेक | १०००००० |

| | | |
|---|---|---|
| २० | वेरुजु फिर्ता | २७९९८१८ |
| २१ | डाँडाघरे फ्लेक्स | २०००० |
| २२ | पशुपति डेरी | २१७१० |
| २३ | वडा नं. ४ र ५ को विपद् वाटो मर्मत | ५००००० |
| २४ | सनराइज कम्प्युटर भुक्तानी वाँकी | २०००० |
| २५ | सरसपाइकर्मीको पोसाक भुक्तानी दिन वाँकी | ५५८२२ |
| २६ | ९ नं. वडाको वजेटवाट मण्डली सहकारीको लागि जस्ता खरिद | १००००० |
| २७ | वडा ६ स्तरीय आकस्मिक मर्मत सम्भार | ८०००० |
| २८ | एकीकृत कर संकलन प्रणाली तथा वेव होस्टिङ्ग वापत सफटेक इन्फोसिसको भुत्तानी हुन वाकी | ८४७५० |
| २९ | लाइट भिजन मिडिया प्रा.लि भुक्तानी वाँकी | १९९०० |
| | **कुल जम्मा रकम** | **९६५५०००** |

१६. **क्रमागत योजनाको दायित्व सार्ने सम्वन्धमाः,**

चालु आ.व. २०८०/०८१ मा स्वीकृत कार्यक्रमहरु मध्ये प्रक्रियात्मक ढिलाइका कारण चालु आ.व.मा सम्पन्न हुन नसक्ने देखिएका, टेण्डर प्रकृया भै कार्यान्वयनको चरणमा रहेका वा जग्गा विवाद तथा मुद्दाका कारण अगाडि बढ्न नसकेका एवम् अनिवार्य दायित्व भुक्तानी तर्फका तपसिल वमोजिमका योजना तथा कार्यक्रमको दायित्व सारी वहुबर्षीय आयोजनाको रुपमा निर्धारण गरी आगामी आ.व.२०८१/०८२ मा कार्य निरन्तरता दिने/भुक्तानी दिने गरी स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.नं | बजेट शीर्षक | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | घिमिरेजङ्गार देउराली आँपस्वारा वटुवा लोर्के पहरोसम्म सडक स्तरोउन्नती | ६०००००० | |
| २ | खेलकुद मैदान निर्माण कार्य | ३२००००० | |

| | | | |
|---|---|---|---|
| ३ | नगर चक्रपथ निर्माण कार्य | ४६००००० | |
| ४ | साउनेपानी भिरकुना सडक मर्मत वडा नं.१ | १५०००० | |
| ५ | अमलडाँडा कुमारीदेवी मन्दिर सडक मर्मत तथा चिसापानी ठुलो भारमाले खानेपानी मर्मत वडा नं.१० | ८२०००० | |
| ६ | भैपरी आउने विविध योजनाहरु वडा नं.१३ | ३००००० | |
| ७ | सिरानवजार जरेवर अधिकारी डाँडा खानेपानी वडा नं.२ | ३००००० | |
| ८ | शंखादेवी मा.वि.मर्मत वडा नं.१ | ३००००० | |
| ९ | खानेपानी मूल संरक्षण वडा नं.६ | १००००० | |
| १० | कागती प्रवर्द्धन कार्यक्रम वडा नं.४ | २००००० | |
| ११ | देउराली मा.वि अनुदान | **१००००००** | |
| १२ | थोपलखोला आइ.इ.इ | ४००००० | |
| १३ | वि.पि.पार्क मर्मत कार्य | २७५००० | |
| | जम्मा रकम रु | **१७६४५०००** | |

१७. **विभिन्न समितिहरुका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमाः,**

यस अवधिमा पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, संस्थागत विकास तथा सुशासन समिति, न्यायिक समिति, विधायन समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, नगर शिक्षा समिति र लेखा समितिका संयोजकहरुले पेशगर्नु भएको समितिहरुवाट सम्पादित कामहरुको प्रतिवेदन अनुमोदन गर्दै समितिहरुवाट भएका सम्पूर्ण निर्णयहरु स्वीकृत गर्ने निर्णय गरियो।

१८. **योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनका सम्वन्धमाः,**

आ.व २०८०/२०८१ मा सञ्चालित योजना अनुगमन तथा मुल्यांकन समितिवाट अनुगमन मूल्याकन भै कार्यपालिका समक्ष पेश भएको प्रतिवेदन उपर छलफल भै योजना अनुगमन तथा

मुल्याङ्कन समितिले फरफारक गरेको योजनाहरु र सो वमोजिम भएको सम्पूर्ण भुक्तानी स्वीकृत गर्ने निर्णय गरियो।

१९. **<u>वडागत अनुगमन समिति गठन गर्ने सम्वन्धमाः,</u>**

सवै वडाहरुमा वडा अध्यक्षको संयोजकत्वमा, वडा समितिले तोकेको एक जना सदस्य, सम्वन्धित वडाको प्राविधिक र वडा सचिव सदस्य सचिव हुने गरी एक वडा स्तरिय अनुगमन समिति गठनलाई निरन्तरता दिने निर्णय गरियो। सम्वन्धित वडा भित्रका पूर्वाधार निर्माण र सामाजिक विकासको क्षेत्रमा गरिएका विकास निर्माण र कार्यक्रमहरुलाई उक्त वडास्तरीय अनुगमन समिति मार्फत अनुगमन गराई अनुगमन समितिलाई पूर्ण जिम्मेवारी वनाई कार्यसम्पादन स्तरलाई थप प्रभावकारी बनाउने साथै रु १ लाख सम्मका योजनाको अनुगमनमा उक्त वडा स्तरीय अनुगमन समितिको प्रतिवेदनलाई नै भुक्तानीका लागि स्वीकार गर्ने निर्णय अनुमोदनका गर्ने निर्णय गरियो।

२०. **<u>भौतिक पूर्वाधार एवम् सडक पूर्वाधारहरु निर्माण गर्दा पर्या पर्यटन तथा सम्वेदनशीलताको अध्ययन गर्ने सम्वन्धमाः,</u>**

सडक पूर्वाधार निर्माण गर्दा नाली, टेवा/पर्खाल, वायो इन्जिनियरिङमा जोड दिँदै सवै मौसममा यातायात चल्न सक्ने ग्रावेलसमेतको स्तारोन्नती हुने गरी नयाँ कटिङलाई न्यूनिकरण गर्दै सडक सीमा क्षेत्रसमेत स्पष्ट गरी वातावरणमैत्री भौतिक पूर्वाधार निर्माणमा जोड दिने निर्णय गरियो। साथै पूर्वाधार तर्फ स्वीकृत योजना कार्यान्वयन गर्दा पर्या पर्यटन तथा विपद् व्यवस्थापनलाई टेवा पुऱ्याउने गरी निश्चित ३ प्रतिशत रकम पर्या पर्यटन तथा विपद् व्यवस्थापनका लागि कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

२१. **<u>आवश्यक समन्वय र सहकार्य गर्ने सम्वन्धमाः,</u>**

क. संघीय र प्रदेश सरकार मार्फत नीलकण्ठ नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने कार्यक्रम तथा योजनाहरुमा दोहोरोपन हुन नदिन नगरपालिकासँगको आवश्यक समन्वय र सिफारिसमा मात्र बजेट विनियोजन तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनका लागि नेपाल सरकार तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो।

ख. संघीय तथा प्रदेश सरकार एवम् अन्य दातृ निकायवाट योजना/कार्यक्रम सञ्चालन हुने गरी नगरपालिकाको योजना/कार्याक्रममा समेत वा साझेदारी लगानी हुने अवस्था भएमा लागत स्टीमेट र प्रक्रिया प्रारम्भ गर्नुपूर्व नै समन्वय तथा सम्झौता हुनुपर्ने ब्यवस्था मिलाउने निर्णय गरियो।

२२. **<u>फिल्ड भत्ता सुविधाका सम्वन्धमाः,</u>**

नगरपालिकाको विभिन्न योजना/कार्यक्रमहरुको लागत तयार गर्न, नापजाँच, मुल्याङ्कन गर्न, प्राविधिक सहयोग/सल्लाह दिन एवम् अनुगमन गर्न स्थलगत रुपमा जानु पर्दा पटक पटक भ्रमण आदेश, भ्रमण विल भुक्तानी नगरी मासिक रुपमा एकमुष्ट रकम तोकि दिने व्यवस्था अवलम्वन गर्नु आर्थिक एवम् प्रशासनीक दृष्टिकोणबाट सहज हुने देखिएको हुँदा नगरकार्यपालिकामा कार्यरत कर्मचारीलाई अर्को व्यवस्था नभए सम्मका लागि निम्नानुसार फिल्ड भत्ता मासिक रुपमा उपलब्ध गराउने तर महिनामा १० दिन भन्दा वढी समय विदा/अन्यत्र काज वसेका कर्मचारीलाई यस्तो सुविधा अनुपस्थित भएको दिनको समानुपातिक रुपमा कट्टा गरेर मात्र भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो।

<u>फिल्ड भत्ता (नगरपालिका क्षेत्र भित्र )</u>

क) इन्जिनियर/सव-ईन्जिनियर/असिष्टेण्ट,सव-ईन्जिनियर/खा.पा.स.टे/आर्किटेक्ट इन्जिनियर/सुचना प्रविधि अधिकृत/अमिन/पशु सेवा प्राविधिक/कृषि प्राविधिक- शुरु तलव स्केलको मासिक १५ प्रतिशत

ग) अन्य कर्मचारीहरुको हकमा स्वीकृत भ्रमण आदेश अनुसार

२३. **<u>खाजा खर्चका सम्वन्धमाः,</u>**

नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सवै सेवा, समुह, तहका कर्मचारीहरु, वडा सचिवहरु, वडामा कार्यरत अन्य कर्मचारीहरू, स्वास्थ्य चौकीहरुमा कार्यरत कर्मचारीहरुलाई अर्को व्यवस्था नभएसम्म शुरु तलव स्केलको दश प्रतिशत मासिक खाजा खर्चका रुपमा उपलब्ध गराउने निर्णय गरियो।

२४. **<u>इन्धन व्यवस्थाका सम्वन्धमाः,</u>**

यस नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुका सम्वन्धमा राज्यले लिएको नीतिलाई समेत मध्यनजर गरी यस कार्यालयमा हुने इन्धन खपतलाई न्यूनिकरण गर्दै आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी सवै प्रकारका इन्धन प्रयोगमा नियन्त्रण गर्नुपर्ने अवस्था सिर्जना भएकाले, यस सम्वन्धमा कार्यालयको प्रयोजनार्थ सञ्चालन भएका दुई पाग्रे सवारी साधनको हकमा अर्को व्यवस्था नभएसम्मका लागि हाललाई दुई पाग्रे सरकारी सवारी साधन, सरकारी कामकाजमा प्रयोगमा रहेका निजी प्रकृतिका दुई पाग्रे सवारी साधनहरुको एकीन गरी कार्यालयले उपलब्ध गराउने मासिक रुपमा इन्धन सुविधा वरावरको रकम अन्य सुविधा स्वरुप तपसिल वमोजिम हुने गरी मासिक रुपमा कर्मचारीको खातामा पठाई यस कार्यालयवाट दुई पाग्रे सवारी साधनको लागि कुनै पनि इन्धन कुपन उपलब्ध नगराउने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । साथै नगर प्रमुख, नगर उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यालयसँग सम्वन्धित कामकाजमा सवारी साधन प्रयोग गर्दा प्रमाणित लग वुकको आधारमा इन्धन सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

## तपशिल

सरकारी तथा निजि सवारी साधन प्रयोग तर्फ

**क.** फिल्डमा हिड्ने इन्जिनियरिङ तर्फका प्राविधिकहरुको लागि मासिक रु २५००।-
**ख.** फिल्डमा हिड्ने कृषि तथा पशुविकास तर्फका प्राविधिकहरुका लागि मासिक रु २०००।-
**ग.** प्राविधिक वाहेकका शाखा प्रमुखहरुको लागि मासिक रु १५००।-
**घ.** वडा सचिव एवम् स्वास्थ्य चौकी इन्चार्जहरूका लागि मासिक रु १५००।-
**ङ.** कुनै विशेष परिस्थिति आइपरेमा प्रमुख प्रशासकीय अधिकृतको निर्णय अनुसार खर्च गर्ने।
नोटः निजि सवारीको हकमा कर्मचारीले विलवुक र लाइसेन्स सहित कार्यालयको लागि प्रयोगमा आएको विवरण पेश गर्नुपर्नेछ।

२५. **अतिरिक्त सुविधाका सम्वन्धमाः,**

क. नगरपालिकामा कार्यरत कर्मचारीहरु मध्ये कार्यालयको जिम्मेवारी तथा विदाको दिन, साँझ विहान तथा कार्यालय समय भन्दा वाहिर पनि अतिरिक्त कामकाज गर्न गराउन परेको खण्डमा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा सुरु तलव स्केलको अधिकतम २० प्रतिशत सम्म थप रकम सुविधाका रुपमा भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो।

ख. नगरपालिकाको अत्यधिक कार्य चापले गर्दा विदाको दिन र विहान वेलुकासमेत थप कामकाज गर्नुपर्ने र सम्पूर्ण कार्यको जिम्मेवारीका हिसावले प्रमुख प्रशासकीय अधिकृतको लागि सुरु तलव स्केलको ४० प्रतिशत रकम थप सुविधा वापत उपलब्ध गराउने निर्णय गरियो।

२६. **सवारी साधन मर्मत सुविधाका सम्वन्धमाः,**

यस नगर कार्यपालिकाको कार्यालयको मातहतमा रहेका शाखाहरु, वडा कार्यालयहरुमा कार्यालयको प्रयोजनार्थ सञ्चालन भएका दुई पाग्रे सवारी साधन तथा सरकारी कामकाजमा प्रयोगमा रहेका निजी प्रकृतिका दुई पाग्रे सवारी साधनहरुको एकीन गरी सवारी साधन मर्मत प्रयोजनार्थ वील भरपाईका आधारमा बार्षिक रु १५,०००।- (अक्षेरूपी पन्ध्र हजार) एकमुष्ठ उपलब्ध गराउने र अन्य मर्मत

वापतको कुनै सुविधा उपलब्ध नगराउने निर्णय गरियो। कावु वाहिरको परिस्थिति भई मर्मत गर्नुपर्ने अवस्थाको सिर्जना भएको खण्डमा कार्यालयको स्वीकृतिमा मर्मत आदेशानुसार हुने निर्णय गरियो।

२७. <u>सवारी चालकहरुको अतिरिक्त सुविधाका सम्वन्धमाः,</u>

यस नगरपालिकाका नगर प्रमुखज्यू नेपाल नगरपालिका संघको गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएको र देशका सवै नगरपालिकाहरुको समग्र विकास र सुदृढीकरणमा समेत खटिनुपर्ने भएको हुदाँ नगर प्रमुखको सवारी साधन चलाउने चालकलाई अत्यधिक कार्य चाप हुने एवम् सार्वजनिक विदाको दिन र विहान वेलुकासमेत थप कामकाज गर्नुपर्ने भएको हुदाँ मिति २०८१ श्रावण १ गते देखी लागू हुने गरी नगर प्रमुखज्यूको सवारी चालकलाई मासिक रुपमा अतिरिक्त भत्ता स्वरुप रु १५,०००।- (अक्षेरूपी पन्ध्र हजार) थप सुविधा उपलब्ध गराउने निर्णय गरियो। साथै अन्य हलुका सवारी चालकहरुको हकमा समेत कुनै पनि फिल्ड भत्ता/दैनिक भ्रमण भत्ताको दावी नपुग्ने गरी मिति २०८१ श्रावण १ गते देखी लागू हुने गरी देहाय वमोजिमको व्यवस्था मिलाइ सोही अनुरुप कार्यान्वयन गर्ने निर्णय गरियो।

क. हलुका सवारी साधनका सवारी चालकहरुका लागि मासिक रु ८०००।-

२८. <u>राशन भत्ताका सम्वन्धमाः,</u>

यस नगरपालिकाको स्वीकृत दरवन्दी अनुसार पदस्थापना भै कार्यारत नगर प्रहरीहरुका साथै हेभी सवारी चालकहरु तथा दमकल एवम् ट्रिफर ट्याक्टर तथा डोजर चालकलाई कार्य चाप एवम् अतिरिक्त कार्यसमेत गर्नुपर्ने भएकोले मिति २०८१ श्रावण १ गते देखी लागू हुने गरी प्रति दिन रु २५० का दरले राशन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

२९. <u>**लोककल्याणका सेवाहरुको निरन्तरताका सम्वन्धमाः,**</u>

